# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक २६२ | काठमाडौं | आइतबार, ८ माघ २०७९ | Prabhab National Daily | Sunday, January 22, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुन सक्छ।**

- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ती बालेर मात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

*आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


# अक्करको फूल 'इन्दिरा'

■ **जेबी योञ्जन**

**काठमाडौं–** धनीका छोरीहरू स्कुल जाँदै गर्दा पँधेरोबाट पानी ल्याउँदै गरेकी हुन्थिन् । पानी बोकेकी उनलाई कहिले त स्कुलेहरूले धकेलेर खेतको आलीदेखि लडाइदिन्थे । सकिनसकी उठ्थिन् । अनि, पानी बोकेर घर जान्थिन् । कहिलेचाहिँ धनीका छोरीहरू स्कुल जाँदै गर्दा टाउकोमा दाउराको बिटो बोकेर जंगलदेखि आउँदै गरेकी हुन्थिन् ।

उनी हुन्- नवनिर्वाचित उपसभामुख इन्दिरा रानामगर । उनको विगत कलहालीलाग्दो तर प्रेरक छ । उनको जन्म झापाको शनिश्चरे- ६ मा २०२७ सालमा भयो । परिवार अत्यन्तै गरिब थियो । वर्षयाममा पहाडबाट उर्लेर आएको खोलाले बगाएको मुडा पौडिँदै निकाल्थिन् । बोकेर घरमा ल्याउँथिन् । आमाका अनुसार स्कुलमा पढ्न नपाएकै उनले गरिबीले हो । तर, उनका दुई जना दाजुलाई भने स्कुल पठाउँथिन्, आमाले । स्कुल जान नपाएकोमा इन्दिरा निकै दु:खी हुन्थिन् ।

एक दिन दाजुहरूले खेतमा जाँदै गर्दा फ्लोरेन्स नाइटिङ्गेल र मदर टेरेसाको कथा सुनाए । इन्दिरालाई त्यस्तै हुने मन भयो । तर, पढाइ खोइ ? आफ्नै उद्देश्यमा उनलाई शंका भयो । आमाचाहिँ जडीबुटी प्रयोग गरेर उपचार गराउँथिन् । यदि, फ्लोरेन्स नाइटिङ्गेल वा मदर टेरेसाजस्तो बन्न नसके आमाले जस्तै जडीबुटीको प्रयोग गरेर गरिबको उपचार गर्ने चाहना थियो ।

उनी ११ वर्षकी हुँदा दाइ जगत एसएसली उतीर्ण भए । गाउँकै स्कुलको शिक्षक बने । घरको आर्थिक अवस्था राम्रो हुँदै गयो । एक दिन स्कुलका हेडसरले 'तिम्रा बहिनी पढ्न धेरै मन गर्छे, पढाइदिनू' भनेपछि अन्ततः इन्दिरालाई दाजुले कक्षा पाँचमा भर्ना गराइदिए । दाइ जगतलाई लागेको थियो कि पाँच कक्षामा भर्ना गराएपछि ज्वाइँ खोज्न सजिलो हुन्छ । यही विषयलाई लिएर दाजु र बहिनीको चर्काचर्की नै पर्थ्यो ।

पढ्न भने समय मिल्दैनथ्यो इन्दिरालाई । गाईगोठमा जानुपर्ने र आमालाई काममा सहयोग गर्नुपर्थ्यो । तर, कक्षा ५ देखि प्रथम भएर कक्षा ६ मा पुगिन् । त्यो बेला पनि कापी कलम किन्न उस्तै समस्या । पैसा भएन ।

'कापी नभएपछि लेख्न पिउन सरलाई चक माग्थें । अरु खेल्न जाँदा कालोपाटीमा लेख्थें । कालोपाटी (**बाँकी पृष्ठ २ मा**)

> वर्षयाममा पहाडबाट उर्लेर आएको खोलाले बगाएको मुडा पौडिँदै निकाल्थिन् । बोकेर घरमा ल्याउँथिन् । आमाका अनुसार स्कुलमा पढ्न नपाएकै उनले गरिबीले हो । तर, उनका दुई जना दाजुलाई भने स्कुल पठाउँथिन्, आमाले । स्कुल जान नपाएकोमा इन्दिरा निकै दु:खी हुन्थिन् ।



**शनिबार प्रतिनिधिसभाको उपसभामुख निर्वाचित भएपछि रास्वपाकी नेतृ इन्दिरा रानामगर ।** *तस्बिरः रासस*

## बहुमतले राना उपसभामुख

- १६६ मत प्राप्त गर्दै उपसभामुखमा इन्दिरा रानामगर निर्वाचित
- विपक्षी गठबन्धनको उम्मेदवार मुक्ताकुमारी यादवले ९७ मत पाइन्
- नेमकिपाका सांसद प्रेम सुवाल तटस्थ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभाको उपसभामुखमा सत्ता गठबन्धनको तर्फबाट उम्मेदवार बनेकी राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद इन्दिरा रानामगर निर्वाचित भएकी छन् । शनिबार मत विभाजन हुँदा विपक्षी गठबन्धनबाट उम्मेदवार बनेकी कांग्रेसकी मुक्ताकुमारी यादवलाई रानाले पराजित गरिन् ।

सभामुख देवराज घिमिरेले राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सोविता गौतमले उपसभामुखमा सांसद इन्दिरा रानालाई निर्वाचित गरियोस् भन्दै गरेको प्रस्तावको पक्षमा १६६ मत परेको र उनी निर्वाचित भएको घोषणा गरे । २७५ सदस्यीय प्रतिनिधिसभामा उपसभामुख चुन्न बहुमत १३८ सांसदको मत आवश्यक पर्छ । तर, राना २८ मत बढी पाउँदै निर्वाचित भइन् । शनिबारको संसद् बैठकमा २६४ जना सांसद उपस्थित थिए ।

प्रतिस्पर्धी कांग्रेसकी यादवले ९७ मत पाइन् । उनले सभामुख पदका कांग्रेस उम्मेवदार ईश्वरी न्यौपानेलेभन्दा तीन मत कम पाएकी हुन् । बिहीबार सभामुखका लागि प्रतिनिधिसभामा भएको मत विभाजनमा न्यौपानेले १०० मत प्राप्त गरेकी थिइन् ।

सभामुख निर्वाचनमा जसरी नै एक जना सांसद भने तटस्थ रहे । नेपाल मजदुर किसान पार्टी नेमकिपाका सांसद प्रेम सुवाल तटस्थ बसेका हुन् । उपसभामुखमा निर्वाचित रानालाई नेकपा एमालेका (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षमा भण्डारी

> प्रगतिशील समूहबाट अध्यक्ष, तीन उपाध्यक्ष, कोषाध्यक्ष र चार सदस्य गरी नौ जना विजयी । लोकतान्त्रिक एसोसियसनबाट महासचिव, सचिव र पाँच जना सदस्य । डा. ईश्वर जिसीको प्यानल एक सदस्यमा सीमित हुँदा भुवनसिं गुरूङको प्यानल शून्य ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षमा राजेन्द्र भण्डारी निर्वाचित भएका छन् । संघको शुक्रबार सम्पन्न २९औं साधारणसभाले भण्डारीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो । नयाँ नेतृत्व चयनका लागि भएको निर्वाचनमा तीन जना प्रतिस्पर्धीलाई हराउँदै प्रगतिशील व्यावसायिक समूहका भण्डारी निर्वाचित भएका हुन् ।

अरोरा हयुमन रिसोर्सका सञ्चालक एवं प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका अध्यक्षसमेत रहेका भण्डारीले १९९ मत प्राप्त गरी विजयी हुँदा उनका प्रतिस्पर्धी नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसियसनका आधिकारिक अध्यक्षका उम्मेदवार कुमुद खनालले १५७ मत पाए । त्यस्तै एसोसियसनबाट विद्रोह गरी अध्यक्षमा उम्मेदवारी दिएका भुवनसिं गुरुङले १३१ मत पाए भने वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन साझा उम्मेदवार डा. ईश्वर जिसीले ११८ मत पाए ।



यस्तै संघको प्रथम उपाध्यक्षमा डिकबहादुर खत्री (कुमार) निर्वाचित भएका छन् । उनले २५३ मत पाएका छन् । उनका प्रतिस्पर्धी तोकतान्त्रिक एसोसियसनका किशोर केसीले १९६, धनलाल जैसीले १४२ र सुरजकुमार घुण्डेले १५ मत पाएका छन् । त्यसैगरी द्वितीय उपाध्यक्षमा सञ्जु गुरूङ २६३ मत ल्याई निर्वाचित भएकी छन् । उनका प्रतिद्वन्द्वी भुवनसिंह गुरूङ प्यानलका महमद जवाहरदिन मियाँले १२२, लोकतान्त्रिक प्यानलका अख्तर हुसेनले १०२ र जिसी प्यानलका बाबुराम खड्काले ९६ मत पाएका छन् । यसैगरी तृतीय उपाध्यक्ष रोशन कटुवाल १९२ मतले विजयी भएका छन् । उनका प्रतिस्पर्धी लोकतान्त्रिकका सञ्जय पनेरुले १५७, भुवनसिं प्यानलबाट मोहनकुमार ढुंगेलले १२३ र जिसी प्यानलबाट अनिल बोगटीले १२६ मत प्राप्त गरे । उम्मेदवारी फिर्ता लिएका अम्बरबहादुर न्यौपानेले १३ मत पाएका छन् ।

निर्वाचित तीनै जना उपाध्यक्ष प्रगतिशील समूहका उम्मेदवार हुन् । यस्तै कोषाध्यक्षमा पनि प्रगतिशीलकै उम्मेदवार सरिता घले निर्वाचित भएकी छन् । उनले २२८ मत पाउँदा तोकतान्त्रिक एसोसियसनबाट प्रतिस्पर्धी हिमा गुरूङले १४६, भुवनसिं प्यानलबाट हिरादेवी (**बाँकी पृष्ठ २ मा**)

### 'सबैलाई साथमा लिएर काम गर्छु'

२९औं साधारणसभाबाट मलाई वैदेशिक रोजगारी व्यवसायीहरुको छाता संस्थाको अध्यक्षमा निर्वाचित गराएकोमा सबै व्यवसायीहरुमा आभार प्रकट गर्न चाहन्छु । म जुन प्यानलबाट चुनाव लडेको भए पनि निर्वाचित भएपछि सबैको साझा भएको छु । अब संघलाई साझा संस्थाको रुपमा अनुभूत हुनेगरी कार्यसम्पादन गर्नेछु ।

मेरो प्राथमिकता व्यवसायीको समस्या समाधान गर्ने हो । यो व्यवसायलाई मर्यादित र सम्मानित बनाउने हो । यसका लागि सबैसँग हातेमालो गर्दै अगाडि बढ्नेछु । व्यवसायलाई सम्मानित, मर्यादित र व्यवस्थित बनाउने सन्दर्भमा इमान्दारितापूर्वक काम गर्नेछु । मैले निर्वाचनका क्रममा गरेको प्रतिबद्धतामा सदैव अडिग रही व्यवसायीको भलाइका लागि काम गर्नेछु ।

'समुन्नत राष्ट्र निर्माणको आधार : सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगार' भन्ने नाराका साथ ल्याइएका २२ बुँदे प्रतिबद्धतालाई व्यवहारमा उतार्न जिम्मेवारीका साथ काम गर्नेछु । उनको भनाई छ । व्यवसायीहरुले भोग्दै आएको सेवा शुल्क, फ्रि भिसा फ्रि टिकट र वर्षमा अनिवार्य १०० संख्यामा श्रमिक विदेश पठाउनैपर्ने कनुनी समस्यालाई हल गर्न तत्कालै सरोकारवाला र राज्यका निकायसँग पहल गर्नेछु ।



**राजेन्द्र भण्डारी**
नवनिर्वाचित अध्यक्ष


## हार्दिक बधाई तथा शुभकामना



वैदेशिक रोजगार व्यवसायीहरूको छाता संस्था
नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २९औं
साधारणसभाबाट निर्वाचित **अध्यक्ष राजेन्द्र भण्डारी, प्रथम उपाध्यक्ष डिकबहादुर खत्री (कुमार), द्वितीय उपाध्यक्ष सञ्जु गुरूङ, तृतीय उपाध्यक्ष रोशन कटुवाल, कोषाध्यक्ष सरिता घले, महासचिव मेघनाथ भुर्तेल, सचिव कर्णराज कटुवाल**
लगायत सम्पूर्ण कार्यसमिति सदस्यहरूमा
हार्दिक बधाई तथा सफल कार्यकालका लागि
शुभकामना व्यक्त गर्दछौं ।

**कृष्णबहादुर कार्की**
प्रबन्ध निर्देशक
तथा प्रभाव पब्लिकेसन प्रा.लि.परिवार

# ल्होछार विश्वकै सबैभन्दा पुरानो सांस्कृतिक परम्परा : प्रधानमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले ल्होछार परम्परा विश्वकै सबैभन्दा पुरानो सांस्कृतिक परम्परा भएको बताएका छन् । तामाङलगायत हिमाली, पहाडी आदिवासी जनजातिको राष्ट्रिय ल्होछार पर्वको अवसरमा शुभकामना दिँदै प्रधानमन्त्री दाहालले सो कुरा बताएका हुन् ।

'नेपालको राष्ट्रिय संस्कृतिको एउटा कडी ल्होछार परम्परा र तामाङ संस्कृति हो । ल्होछार परम्परा विश्वकै सबैभन्दा पुरानो सांस्कृतिक परम्परा हो । मानव जातिले पशुपालन र कृषिको सुरुआत गरेदेखि नै प्रकृतिको स्वभाव र गतिको नियम पत्ता लगाउने प्रयत्न गरेको थियो । यो क्रममा चन्द्रमाको गतिको आधारमा समय गणना हुन थाल्यो,' प्रधानमन्त्रीद्वारा जारी शुभकामना सन्देशमा भनिएको छ ।

नेपालमा ऐतिहासिक एवं वैज्ञानिक महत्त्व बोकेका थुप्रै पर्व रहेको उनले बताएका छन् । 'सबै संस्कृतिहरूको समग्रता र एकीकृत स्वरुप नै नेपालको राष्ट्रिय संस्कृति हो । यसरी हाम्रो देश बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक हुनु नै नेपाल र नेपालीका लागि गौरवको कुरा हो, यो हाम्रो राष्ट्रिय सम्पत्तिसमेत हो,' उनले भने ।

नेपाली जनताले नेपालमा सात दशक लामो लोकतन्त्रका लागि आन्दोलन गरेपछि धर्मनिरपेक्ष, समानुपातिक समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रमा आइपुगेको उनको भनाइ छ । यसका लागि तामाङ घेदुङ र तामाङ राष्ट्रिय आन्दोलनले खेलेको भूमिकाको उच्च मूल्यांकन र प्रशंसा गर्न चाहन्छु,' उनले भने ।

प्रधानमन्त्री दाहालले ल्होछारको अवसरमा देश-विदेशमा रहने सम्पूर्ण ल्होछारप्रेमीलाई सुस्वास्थ्य, समृद्धि, प्रगति र समस्त मानव जगत्को कल्याणका लागि हार्दिक शुभकामना व्यक्त गरेका छन् ।

नेपाल पूर्व, पश्चिम, उत्तर, दक्षिणका प्रमुख सभ्यताहरूको संगमस्थल भएको भन्दै उनले नेपालमा १२५ जातजाति, १२३ भाषाभाषी र १० भन्दा बढी धर्म मान्ने समुदाय बसोबास गर्ने बताए ।

विश्वका विभिन्न मुलुकमा रोजगारी वा अन्य कामको सिलसिलामा पुगेका नेपाली तामाङ संघसंस्थाले समेत ल्होछार पर्व धुमधामसँग मनाउँदै आएका छन् । तामाङ जीवनमा ल्हो परम्पराको ज्यादै ठूलो महत्त्व छ । यो परम्पराले धार्मिक, सामाजिक, आर्थिक, सांस्कृतिक र स्वास्थ्य जीवनको क्षेत्रमासमेत विशेष महत्त्व राख्दछ ।

प्रधानमन्त्रीको शुभकामनामा भनिएको छ, ' ल्होछार राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्व पनि हो । राज्यले ल्होछारलगायत सबै सांस्कृतिक पर्वलाई राष्ट्रिय संस्कृतिको प्रवर्द्धन गर्नुपर्दछ ।'

यसैबीच राष्ट्रपति विद्यादेवी भण्डारीले पनि ल्होछारको शुभकामना व्यक्त गरेकी छन् । सोनाम ल्होछारको अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त नेपाली समाजमा सोनाम ल्होछार जस्ता पर्वबाट सबै नेपालीबीच आपसी सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि गर्ने बताएकी छन् । राष्ट्रपतिले यस्ता चाडपर्वले बृहत् राष्ट्रिय एकतालाई थप सुदृढ गर्न मद्दत पुग्नेछ भन्ने विश्वास लिएको उल्लेख गरेकी छन् । उपराष्ट्रपति नन्दबहादुर पुन, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलगायतले पनि ल्होछारको शुभकामना व्यक्त गरेका छन् ।

सोनाम ल्होछार पर्व तामाङ समुदायको नयाँ वर्षको रूपमा प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाको दिन मनाइन्छ । यस पर्वमा तामाङ समुदायले कुल पूजा, प्रकृति पूजा र वुद्धका सन्देशको स्मरण गर्नुका साथै आफन्तजन भेला भई मनोरञ्जन गर्दै आपसमा खुसी आदानप्रदान गर्ने गर्दछन् ।

मुलुकका विभिन्न स्थानमा बसोबास गर्ने तामाङसहित ह्योल्मो, थकाली, जिरेल, नेस्यांवा, भोटे, दुरा, लेप्चाआदि जातिहरूले आ-आफ्नै शैली र परम्पराअनुसार यो पर्व मनाउँदै आएको पाइन्छ ।

## बहुमतले राना...

पृष्ठ १ बाट जारी

कृष्णगोपाल श्रेष्ठ, नेकपा माओवादी केन्द्रका नारायणी शर्मा र राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले समर्थन गरेका थिए । राना समानुपातिक सांसद हुन् ।

संसद्मा बोल्दै कांग्रेस सांसद बद्री पाण्डेले सत्ता पक्षको सभामुख निर्वाचित भएपछि उपसभामुखमा प्रतिपक्षी दलको उम्मेदवारलाई निर्वाचित गर्नुपर्ने बताएका थिए । त्यसो भए संविधानको आशय मेल खाने बताएका थिए । उनले यादवलाई उपसभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए ।

'संविधानले भिन्न दल भनेको छ । फरक दल भनेको फरक पक्ष हो । सत्ता पक्षले प्रस्ताव गरेको व्यक्ति सभामुखमा निर्वाचित भएपछि प्रतिपक्षले प्रस्ताव गरेको व्यक्ति उपसभामुखमा निर्वाचित हुँदा संसद्को गरिमा अझ बढ्छ,' पाण्डेले शनिबार भने ।

एमाले सांसद कृष्णगोपाल श्रेष्ठले सभामुख र उपसभामुख दलीय छायाँबाट प्रेरित हुन नहुने र कति पनि विचलित हुन नहुने धारणा राखे । उनले वास्तविक संसद्को रेफ्रीको भूमिका सभामुख र उपसभामुखबाट अपेक्षा गरिएको पनि बताए ।

सत्ता नेतृत्व दल माओवादीकी सांसद नारायणी शर्माले उपसभामुख महिला हुनुको परिणाम १० वर्षे माओवादी जनयुद्ध र त्यसपछि भएको जनआन्दोलनको भएको बताइन् । 'यो क्षणमा मलाई गर्व लागेको छ, महिलालाई, जनजातिलाई प्रतिस्पर्धामा ल्याउनका लागि, पछाडि परेको सीमान्तकृत र दलित समुदायलाई प्रतिस्पर्धामा ल्याउनका निम्ति विगतमा गरिएका संघर्षहरू, आन्दोलनहरूको योगदान छ । म त्यो संघर्ष, युद्ध र आन्दोलनप्रति गर्व गर्न चाहन्छु,' संसद्मा रानालाई उपसभामुखमा समर्थन गर्दै उनले भनिन् ।

प्रस्तावक गौतमले लोकतन्त्र बलियो हुने नै सीमान्तकृत समुदायलाई राज्य संयन्त्रमा जोड्दै जाँदा हुने बताइन् । राप्रपा अध्यक्ष लिङ्देनले राना अन्तर्राष्ट्रिय जगतमा गौरवयोग्य नेपाली चेली भएको बताएका थिए । तर, नेकपा एकीकृत समाजवादीका सांसद मेटमणि चौधरीले भने सत्ता गठबन्धनका महत्त्वपूर्ण दल एमालेका अध्यक्ष केपी शर्मा ओलीप्रति लक्षित गर्दै पूर्वप्रधानमन्त्री संसद् विघटन गर्न ढुकेर बसेको आरोप लगाए ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले सत्ता गठबन्धनको तर्फबाट उपसभामुख पदमा रानाका प्रस्तावक र समर्थकहरूले प्रशंसा गरेकोमा कटाक्ष गर्दै सभामुख पदमा किन महिला उम्मेदवार बनाइएन ? भन्दै प्रश्न गरे ।

## वैदेशिक रोजगार...

पृष्ठ १ बाट जारी

बुढाथोकीले १०२, केदारनाथ अधिकारी (दीपेन्द्र)ले १३७ र सरस्वती सुवेदीले दुई मत प्राप्त गरे ।

महासचिव र सचिवमा लोकतान्त्रिक एसोसियसन प्यानलबाट मेघनाथ भुर्तेल र कर्णराज कटुवाल विजयी भए । महासचिवमा भुर्तेलले २६३ मत ल्याई निर्वाचित हुँदा उनका निकतम प्रतिस्पर्धी प्रगतिशीलका मिलन कट्टेलले १८३ र डा. जिसी प्यानलका मधुकर रिजालले १५६ मत पाए । सचिवमा कटुवाल २४१ मत ल्याई निर्वाचित हुँदा उनका निकतम प्रतिस्पर्धी प्रगतिशील समूहका राजेन्द्र अधिकारीले १४१, टक्करबहादुर पाखिनले ९४, गोमा गिरी क्षेत्री (अञ्जु)ले ४९ मत प्राप्त गरे ।

यसैगरी कार्यसमिति सदस्यमा राजेन्द्र बस्नेत २९१, विक्रम श्रेष्ठ २४६, देवमाया थापा २४५, बैकुण्ठप्रसाद पौडेल २३२, कैलाश पाठक २३०, देउमान नेम्वाङ २२४, आनन्द कोइराला २१८, नारायण भुसाल २१७, तोरणबहादुर कार्की २१२ र चन्द्रबहादुर लिम्बू २१० मत ल्याएर निर्वाचित भएका छन् ।

संघको १७ सदस्यीय कार्यसमितिमा नेकपा एमालेको शुभेच्छुक संस्था प्रगतिशील मञ्चले खडा गरेको प्रगतिशील व्यावसायिक प्यानलबाट उम्मेदवारी दिएका अध्यक्ष भण्डारीसहित तीन उपाध्यक्ष, कोषाध्यक्ष र चार सदस्य गरी नौ जना विजयी भएका छन् भने लोकतान्त्रिक एसोसियसनबाट महासचिव, सचिव र पाँच जना सदस्य निर्वाचित भए । डा. जिसीको प्यानलबाट भने एक जना सदस्य मात्रै निर्वाचित भए । भुवनसिंको प्यानल शून्य भएको छ ।

## अक्करको फूल...

पृष्ठ १ बाट जारी

नै मेरो कापी भयो,' कर्मठ नेपालीमा उनले भनेकी छन् । इन्दिरालाई सम्झना भएअनुसार त्यसबेला विज्ञान पढाउँथे, साहित्यकार कृष्ण धरावासीले । तर, समस्या पैसाकै भयो । न कापी किन्न छ, न कलम किन्नै । समस्याको चंगुलमा फसिन् । उनले पढ्दापढ्दै मारवाडीको छोराछोरीलाई टचुसन पढाउने मौका पाइन् । कापी किन्न खर्च जुट्यो । उनका अनुसार उनीहरूको घरको छानोले वर्षायाममा मुसलधारे पानी छेक्दैनथ्यो ।

त्यसबेलाको सम्झना गर्दै इन्दिराले भनेकी छन्, 'आमाले कुखुराको चल्लालाई माउले छोपेजसरी पानीबाट हामीलाई जोगाउनुहुन्थ्यो ।' उनीहरू खानाबाहेक गंगटा, गिठा र भ्याकुर खान्थे । त, उनलाई त्यसबेलै लाग्थ्यो कि हिम्मत हार्न हुँदैन, संघर्षले अवश्य केही त बनाउँछ ।

त्यस्तै दुःख झेल्दै कक्षा ९ मा पुगिन् । पढाइमा उनी तेज । गाउँमा दिदीबहिनीहरूलाई प्रौढ शिक्षा पढाउन उनी छानिन् । पढाइन् पनि । निरक्षर दिदीबहिनी साक्षर बन्दा खुसी भइन् । तर, गाउँभर उनको आलोचना भयो । आलोचनाको कारण हो- साक्षर बनाएर दिदीबहिनीलाई पोइला जान चिठी लेख्न सक्ने बनाए भनेर । उनी निकै दुःखी भइन् । त्यसको एक वर्षपछि एसएलसीको परीक्षा लेख्ने बेला उनी बिरामी भइन् । उतीर्णचाहिँ भइन् । दाइले पहिले नै खेतमा जाँदा नाइटिङ्गेलको कथा भनेको उनलाई याद थियो । नर्सिङ पढेर नर्स बन्ने मन भयो । उनको खास चाहना नाइटिङ्गेलले जसरी नर्स भएर मानिसहरूको सेवा गर्ने । उनको यो चाहनामा बाधक बन्यो गरिबी । अर्थात् खर्च जुटाउन सक्ने उनको हैसियत भएन । दमक बहुमुखी क्याम्पस आइकममा भर्ना भइन् ।

उनलाई त्यसबेला लाग्यो कि मान्छेको घरमा भाँडा माझेर भए पनि पढ्ने । माझिन् पनि । कुल्ली काम गर्न भ्याइन् । बालुवा बोकिन् । यसरी नै पढाइ चलिरहेको थियो । उनलाई गाउँलेहरू भन्थे- 'क्याम्पस पढ्ने मान्छे भरिया !' उनी भन्थिन्- 'काम गरेर खान केको लाज ?'

आइकम पढ्दापढ्दै बुबाआमा बिरामी परे । उनी कुल्ली गर्न छाडेर घर फर्किन् । पहिले आफू पढेको स्कुलमा शिक्षक चाहिएको थाहा पाइन् । स्रोतव्यक्तिलाई भन्न गइन् । त्यसबेलाको दुःखद् क्षण सम्झिँदै इन्दिराले भनेकी छन्, 'यति साना सानीलाई पनि मिस बन्नुपर्‍यो । यसो भन्दै उहाँ (स्रोतव्यक्ति)ले हात समात्नुभयो । मैले दुर्व्यवहार भएको ठानें । उहाँको अनुहारमा थुकिदिएँ ।'

पढाइमा तेज भएका कारण उनी पछि स्कुलले शिक्षक नियुक्त गर्न गरेको लिखित र मौखिक परीक्षाबाट पास भइन् । तर, छ महिना नहुँदै शिक्षकहरूमा एकरुपता ल्याउने भन्दै उनको जागिर उनै स्रोतव्यक्तिले खाइदिए । उनी रन्थनिन् । बुबाआमाले ' अब जागिर गयो, बिहे गर' भनेर दबाब दिन थाले । इन्दिरालाई बिहे गरेर घरमै खुम्चिएर बस्ने मन भएन । त्यही भएर बुबाआमाको सल्लाह उनलाई ठीक लागेन ।

तर, बुबाआमाले 'बिहे गर्नू' भनेको केही दिनमा एक जना हेडसर १० तोला सुन ल्याएर माग्न आउँदै गरेको थाहा पाइन्, इन्दिराले । हतारहतार काठमाडौं आउने नाइट बसमा टिकट काटिन् । उनको काठमाडौंमा एक जना गाउँले साथी थिइन् । उनीसँग बस्ने उनको चाहना थियो । पैसा पहिले स्कुलमा पढाउँदाको ३०० रूपैयाँ थियो । तर, काठमाडौंमा साथीको कोठा थाहा थिएन । फोन थिएन । आत्तिइन् इन्दिरा । सौभाग्य, झापादेखि काठमाडौं बसमा आउँदा सँगै भएकी एक जना अमेरिकी महिलाले उनलाई ठमेलमा होटलमा एक रात राखिन् । साथी खोज्न इन्दिरालाई सहयोग गरिन् । साथी फेला परिन् । तर, झापामा हुँदाको साथी काठमाडौंमा भेट्दा स्वभावमा धेरै परिवर्तन भएको पाइन् । अर्थात् गाउँमा अत्यन्तै मिल्ने आफ्नै साथीले भेट्दा पनि खासै वास्ता गरिनन् ।

बिरानो सहरमा आत्तिइन् । त्यसबेला एक मनले भन्यो, 'आमाले घरजम गरेर बस् भन्दा मानिनँ । स्वाभिमानी बन्न खोज्दा दुःख पाएँ ।'

केही दिनमा फेरि साथीसँग भेट भयो । उनले सँगै राख्न नचाहे पनि एउटा गार्मेन्टमा काम खोजिदिइन् । कामचाहिँ टाँक लगाउनुपर्ने । दिनको ज्याला २० रुपैयाँ । सामान्य एक प्लेट खानको १२ रुपैयाँ पर्थ्यो । खाना पूरा खान पैसाले नपुग्ने भएपछि उनले आधा प्लेट बिहान र आधा प्लेट साँझ खाना खानेगरी मिलाइन्- लगनखेलमा एक जना नेवारी होटलमा ।

तर, साथमा झोला थिएन । इन्दिरा अत्तालिन् । ठमेलमा अमेरिकी महिलासँग बसेको होटल पुगिन् । त्यही छोडिएको रहेछ- झोला । झोलामा रहेको सबै कागजातको भने फोटोकपी गरेर राखेको उनले देखिन् । उल्टै उनलाई होटलका मालिकले अन्तर्वार्ता शैलीमै अनेकौं प्रश्न गरे । इन्दिराले भनेकी छन्, 'मैले पढ्न चाहेकी छु । खर्च छैन । त्यही भएर काठमाडौं आएँ ।'

यसो भनेपछि उनलाई होटलका मालिक आफ्ना छोराछोरीलाई टचुसन पढाउने सर्तमा खाना र कोठा दिन तयार भए । इन्दिरालाई राहत मिल्यो । यति हुँदाहुँदै उनलाई काठमाडौंमा जाडो कटाउन मुस्किल पर्‍यो । शरीरमा बाक्लो कपडा थिएन । थोत्रो ब्ल्यांकेट ओडेर थुर्थुर काम्दै जाडो कटाइन् ।

उनलाई असाध्यै रुचि भएको पत्रिका पढ्न हो । किनेर पढ्न पैसा नहुने । तैपनि रत्नपार्कको फुटपाथमा जान्थिन् । पत्रिकाको पहिलो पृष्ठ हेर्थिन् । पसलेले पैसा नभएको तर पत्रिका पढ्न इच्छा भएको बुझेपछि ' मन परेको पत्रिका पढ्नू, किन्नु पर्दैन' भनेको उनलाई अहिले पनि सम्झना छ ।

पत्रिका पढ्दा नै उनले अमृत बोर्डिङ स्कुलमा शिक्षक चाहिएको विज्ञापन देखिन् । विज्ञापनमा राखेको फोन नम्बरमा फोन गरिन् । स्कुलकी एक महिलाले स्कुलमै बोलाइन् । जाँदा उनीसँग फोनमा कुरा गरेको महिला त साहित्यकार विष्णुकुमारी वाइबा 'पारिजात' रहेछिन् । जसबारे उनलाई झापामा हुँदै थोरबहुत जानकारी थियो । पारिजातसँग उनको भलाकुसारी भयो । अमृत बोर्डिङ स्कुलमा पढाउन पाइन् ।

पारिजातले नै इन्दिरालाई मानवअधिकार संगठनमा जोडिदिइन् । पारिजात विभिन्न जेलमा कैदीबन्दीको अवस्था बुझ्न जान्थिन् । इन्दिराका अनुसार पछि साथमै लान थालिन् पारिजातले । त्यसबेला इन्दिराले देखेकी हुन्- जेलमा बन्दीहरू भोका र नांगा ।

पारिजात जेललाई 'यातना दिने थलो होइन, सुधारगृह बनाउनुपर्छ,' भन्थिन् । राजनीतिक बन्दीको विषयमा कुरा उठाउँथिन् । उनीहरूको मानवअधिकारको विषय उठाउँथिन् । इन्दिरा भन्छिन्, 'त्यसबेला महिला बन्दी र बच्चाको अवस्था जेलमा दयनीय थियो । मन दुख्थ्यो । बन्दीका ४० बच्चा केन्द्रीय कारागारमै थिए । उनीहरूलाई अमानवीय ढंगले राखिएको थियो । पढ्न दिइएको थिएन । स्वतन्त्रता थिएन ।'

बुबाआमाले गरेको गल्तीको सजाय निर्दोष बालबालिकालाई दिन नहुने उनको मत थियो । यही मुद्दा पारिजातले उठाइन् पनि । इन्दिरा भने टचुसन पढाएर कमाएको पैसाले पत्रिका किनेर जेलमा पुऱ्याउँथिन् । कैदीबन्दी रहेका महिलाहरूलाई सीप सिक्न र आयआर्जन गर्न प्रेरित गर्थिन् । सहकार्यको केही वर्षमै पारिजातको निधन भयो । इन्दिरालाई दुःख लाग्यो ।

तैपनि पारिजातको बाटोमा उनी हिँडिन् । जेलमा रहेका बालबालिकालाई अनाथ बालगृहमा राख्नुपर्ने मुद्दा उठाइरहिन् । जेलामा रहेका आमा र बच्चाको छुट्टै ठाउँ हुनुपर्ने मुद्दा उठाइन् । यतिमात्र होइन, जेलमा गर्भवती र सुत्केरी आमाले सुविधा पाउनुपर्ने अर्को मुद्दा पनि इन्दिराले उठाइन् । केही मुद्दालाई सरकारले सम्बोधन गरेको छ ।

पछि उनले 'बच्चालाई बास' संस्था खोलिन् । आर्थिक अभावले चलाउन समस्या भयो । त्यसपछि स्वीस संस्थाको फिल्ड अफिसर भएर काम गर्ने मौका इन्दिरालाई मिल्यो । त्यसबेला पारिजातसँग काम गरेको भन्दा उनलाई सबैले इज्जत दिन्थे । त्यही भएर आफ्नो कामलाई पारिजातप्रतिको श्रद्धा र सम्मान भन्छिन् इन्दिरा ।

यसबीचमा उनी देशभरको ६० वटा जेलमा पुगेकी छिन् । जेलको अवस्था देखेर उनलाई दुःख लागेको छ ।

उनको विवाह २७ वर्षअघि भयो । सामाजिक काम नछाड्ने शर्तमा । विवाहपछि छोरी जन्मियो । उनका अनुसार घरमा समय नदिएको भनेर श्रीमान्ले बबाल मचाए । त्यही कारण असमझदारी बढ्दै जाँदा अन्ततः सम्बन्ध तोडिएको हो ।

त्यसपछि पनि उनले सामाजिक कामलाई निरन्तरता दिइरहिन् । पारिजातकै संस्था ' पाम'मा हुँदा चिनेका एक जर्मनले उनलाई ४२ हजार सहयोग गरे । अनि बन्दी सहायता नेपाल अर्थात् 'पिए नेपाल' सुरू गरिन् ।

डेनिस राजदूतावासले इन्दिराको कामबारे राम्रो रिपोर्टिङ गऱ्यो । परिणामतः दाताहरूको जुट्दै गयो । जेलका बन्दी, महिला, सुत्केरी र बच्चाहरूको पक्षमा गरेको कामलाई अझ सशक्त र व्यवस्थित पार्दै लगिन् । १८ वर्षअघि पिए नेपालले 'अशोका फेलोसिप' पायो । संस्थालाई आर्थिकरूपमा थप सहज भयो । अन्तर ाष्ट्रिय संघसंस्थासँग सम्बन्ध कायम हुँदै गयो । त्यहीबीचमा 'शक्तिदेवी' अवार्ड पाइन् ।

जुनकिरी स्कुल काठमाडौं र गृहजिल्ला झापामा खोलिकी छन् । करिब ४०० बालबालिका लाभान्वित छन् । १० वर्षे जनयुद्धको क्रममा बेसहारा भएका बच्चाहरूलाई संरक्षण दिएकी छन् । देशका विभिन्न ठाउँबाट उद्धार गरिएका बालबालिकालाई पिए नेपालमा राखेकी छन् । पाल्पामा 'युथ ट्रेनिङ सेन्टर' खोलेकी छन् । झापामा 'चिल्ड्रेन होम्स्' स्थापना गरिएको छ । साँखुमा जेलबाट उद्धार गरिएका ८२ जना विद्यार्थी छन् ।



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

माघ ८ गते, आइतबार

| | |
|---|---|
| मेष | नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । |
| वृष | अकस्मात् धन सम्पत्ति हात पर्नेछ । |
| मिथुन | आज पारिवारिक प्रेम र सद्भाव बढेर जानेछ । |
| कर्कट | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| सिंह | प्रतिकूल समयले घेरेको छ, संयम रहनु होला । |
| कन्या | झुटा आरोप आइपर्दा समस्या खेप्नुपर्नेछ । |
| तुला | कुनै समाचारले मनमा शान्ति छाउनेछ । |
| वृश्चिक | व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । |
| धनु | मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| मकर | ठूला व्यक्तिले तपाईंका मेहनतको प्रशंसा गर्नेछन् । |
| कुम्भ | नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । |
| मीन | मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

माघ ८ गते, २०७९, २२ जनवरी, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**हिमपात** | हिमाली जिल्ला हुम्लामा भएको हिमपात । यहाँ बिहीबार रातिदेखि परेको हिउँले जनजीवन कष्टकर बनेको छ । *तस्बिरः दाने बोहरा/रासस*

# बृहत् रक्तदान कार्यक्रम सम्पन्न



**काठमाडौं (प्रस)–** लायन्स क्लब अफ काठमाडौं टि कपन र साझा फूलबारीको आयोजनामा बृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ । शनिबार कपनको आकाशेधारामा आयोजित रक्तदान कार्यक्रममा ६६ जनाले रक्तदान गरेका छन् ।

क्लबले प्रहरी प्रभाव कपनसँगको सहकार्यमा रक्तदान कार्यक्रम आयोजना गरेको हो । कार्यक्रमका लागि बूढानीलकण्ठ नगरपालिकाको ११ नम्बर वडा कार्यालयले सहयोग गरेको थियो ।

विभिन्न सामाजिक कार्यहरु गर्दै आएको लायन्स क्लबले बिरामीहरुको उपचारमा आवश्यक रगत संकलन गरेको हो । पछिल्लो समय रगत अभावका कारण आपत्कालीन बिरामीको उपचारमा समस्या हुँदै आएको छ । त्यसैलाई मध्येनजर गरेर रक्तदान कार्यक्रम आयोजना गरेको आयोजकको भनाइ छ ।

# उहिलेको पोखरा



■ **रामबहादुर थापा**

**गण्डकी–** कुनै तस्बिर यस्ता हुन्छन् जसले मानिसलाई पुरानो समयतिर लैजान्छ । जारी पोखरा महोत्सव छिर्नेबित्तिकै दायाँपट्टि त्यस्तै तस्बिरको प्रदर्शनी कक्ष भेटिन्छ । भित्तामा लहरै झुण्डयाइएका तस्बिरले उहिलेको पोखरासँग साक्षात्कार गराउँछ ।

शुक्रबार प्रदर्शनी कक्षमा पुगेकी अस्मी गुरुङका आँखा एउटा तस्बिरमा टक्क अडिए । किशोरावस्थाकी उनी केहीबेर त्यसमै रोकिइन् । जांगे र कमिजमा खाली खुट्टा चौरमा उभिएका बालबालिकाको तस्बिरले गुरुङको ध्यान तान्यो ।

उबेलाको विद्यालय र बालबालिकाको अवस्था झल्काउने त्यो तस्बिरले मन छोएको उनले सुनाइन् । तस्बिर वि.सं. २०१९ तिरको हो । खरको झुपडीबाट चलेको पोखराको अमरसिँह स्कुलको दृश्यलाई अमेरिकी नागरिक डगलस बिङ्गमले खिचेका थिए ।

प्रदर्शनीमा ७० वर्षअघिको तालबाराही मन्दिरदेखि पोखरामा पहिलोपटक बस आउँदासम्मका तस्बिर राखिएका छन् । उहिलेको पोखरा कस्तो थियो ? संस्कृति, रहनसहन के थिए ? मानिसहरू के गर्थे ? समाज कस्तो थियो ? तस्बिर आफैं बोल्छन् ।

तस्बिरमा उबेलाको फेवा, बेगनास र रुपातालको स्वरुप हेर्दा जोकोहीलाई अनौठो प्रतित हुन्छ । वि.सं. २०२६ मा पोखरा विमानस्थल बन्दा काममा खट्ने श्रमजीवी, वि.सं. २०१९ तिर बाँसको पुलबाट सेती नदी तरिरहेका महिलाहरू, त्यसबेला पोखरामा चल्ने गोरुगाडा आदिका दृश्यले मनलाई उद्वेलित पार्छ ।

तस्बिरले आजको उन्नत, विकसित र झकिझकाउ पोखराभन्दा दशकौंअघिको पोखरातिर मानिसलाई पुऱ्याउँछ । पोखराकै सुनील उलकले संकलन गरेका तस्बिरलाई प्रदर्शनीमा राखिएको महोत्सव आयोजक युनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठले बताए । उनका अनुसार विदेशी र नेपालीले खिचेका तस्बिर प्रदर्शनीमा छन् ।

'महोत्सवमा आउने दर्शकले तस्बिर प्रदर्शनीलाई पनि चाखपूर्वक अवलोकन गर्छन्, ऐतिहासिक तस्बिर राखिएकाले प्रदर्शनीले महत्त्व पाएको हो,' उनले भने । अवलोकनकर्ताले प्रदर्शनीमा राखिएका तस्बिरलाई क्यामेरा, मोबाइलमा कैद गर्न भने पाउँदैनन् ।तस्बिर संकलक उलकले विदेशीसहित आफ्नो बुबा जगन्नाथले खिचेका तस्बिर प्रदर्शनीमा राखिएको बताए । जगन्नाथलाई पोखराको पहिलो फोटोग्राफरका रूपमासमेत चिनिन्छ । सन् १९६५ मा पहिलोपटक नेपाल आएका अमेरिकी नागरिक डग हलबाट उनले तस्बिर खिच्न सिकेका थिए ।

'अमेरिकी पिस कोर भोलिन्टियर'का रुपमा हल नेपाल आएका थिए । त्योबेला नेपालका धेरै ठाउँ पुगेर उनले तस्बिर खिचेका थिए । प्रदर्शनीमा राखिएकामध्ये विदेशीले खिचेका तस्बिर रंगीन छन् भने नेपालीका श्यामश्वेत ।

'आजभन्दा ६०/७० वर्षअघिको पोखराको समाज, भूगोल, संस्कृति र रीतिरिवाजको झल्को तस्बिरहरूमा छ,' उलकले भने, 'यी तस्बिर हाम्रा अमूल्य पुँजी हुन्, इतिहासका साक्षी हुन्, यिनले भावी पुस्तालाई पुरानो नेपाल चिनाउँछन् ।' प्रदर्शनीमा विख्यात भूगर्भविद् टोनी हेगनले खिचेको तस्बिरसमेत राखिएको छ । 'उहिलेको पोखरा झल्काउने ३८ फोटो मात्र प्रदर्शनीमा छन्, धेरै तस्बिर अमेरिकी पिस कोर भोलिन्टियरले खिचेका छन्, केही तस्बिर मेरो बुबाका पनि छन्,' उलकले भने ।उलकसँग पोखरासँग सम्बन्धित १० हजार तस्बिर संग्रहित छन् । शुक्रबारदेखि काठमाडौंस्थित सैनिक मुख्यालयमा चलिरहेको तस्बिर प्रदर्शनीमा पनि आफूले संकलन गरेका सैनिकसँग सम्बन्धित तस्बिर राखिएको उनको भनाइ छ ।

गत पुस २७ गतेदेखि सुरु भएको ११औं संस्करणको पोखरा महोत्सव भोलि सोमबार सकिँदै छ । महोत्सवमा कृषि, औद्यागिक उत्पादन, सूचना प्रविधिका सामग्रीको प्रदर्शन र बिक्रीकक्ष पनि राखिएको छ । रमाइलो बाल उद्यान, कलाकारको सांगीतिक प्रस्तुति, लोकनृत्य, हाँस्यव्यंग्य प्रहसन, घोडा सवारलगायतले मेलामा आकर्षण बढाएको छ ।

महोत्सवको आम्दानीलाई सेती नदीको संरक्षण, पर्यटन प्रवर्द्धन र न्यून आय भएका परिवारका बालबालिकालाई लक्ष्य गरी आवासीय छात्राबास निर्माणमा लगाइने आयोजकले जनाएको छ । महोत्सवमा बिक्री हुने प्रत्येक टिकटबाट एक रुपैयाँ सेती नदी संरक्षणका नाममा छुट्याइने क्लबका अध्यक्ष श्रेष्ठले बताए । महोत्सवमा २५८ व्यावसायिक कक्ष छन् । १३ दिनसम्म चल्ने महोत्सवलाई दुई लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने आकलन गरिएको छ । *रासस*


## शेयर खुल्ला गरिएको सुचना !!!

बालाजु बाईसधारा यातायात प्रा.लि. लाई थप मजवुत बनाउने उदेश्यले केहि शेयर खुल्ला गरिएको जानकारी गराउदछौं । इच्छुक गाडी धनिले कार्यालय समयमा १५ दिन भित्र सम्पर्क गर्नु हुन सबैमा अनुरोध गर्दछौं ।

बालाजु बाईसधारा यातायात प्रा.लि.
बालाजु - १६ काठमाण्डौं
फोन नं. ०१-४३६००११


# निराकारको शव झापा ल्याएर अन्त्येष्टि

■ **प्रभाव संवाददाता**

**झापा–** कम्बोडियाको आगलागी घटनामा परी मृत्यु भएका विर्तामोड नगरपालिका-१ का निराकार पाण्डेको शव शनिबार झापास्थित निवासमा ल्याइएको छ । कम्बोडियाको ग्राण्ड डायमन्ड सिटी होटल एण्ड क्यासिनोमा गत पुस १४ गते राति भएको भीषण आगलागीमा ज्यान बचाउन १२औं तलाको झ्यालबाट हामफाल्दा उनको मृत्यु भएको थियो ।

शुक्रबार कम्बोडियाबाट काठमाडौं ल्याइएको उनको शव शनिबार दिउँसो १२:३० बजेतिर विर्तामोडस्थित निवासमा पुऱ्याइएको हो । युवा व्यवसायी पाण्डे भिजिट भिसामा थाइल्यान्ड र कम्बोडिया गएको अवस्थामा उक्त घटना भएको थियो । उनको शव निवासमा ल्याइने खबर थाहा पाएर शनिबार बिहानैदेखि पाण्डेनिवासमा हजारौं शुभचिन्तकको भीड लागेको थियो ।

मृतक पाण्डे विर्तामोड-१ का वडाध्यक्ष अग्नि पाण्डेका छोरा हुन् । पाण्डेको शव ल्याउन नेपाल सरकारले सहयोग गरेको छ । घटनालगत्तै प्रधानमन्त्री पुष्पकमल दाहालले पाण्डेको मृत्युमा गहिरो शोक व्यक्त गर्दै शव ल्याउन सरकारले सहयोग गर्ने बताएका थिए । शनिबार नै कनकाइ माईमा मृतक पाण्डेको अन्त्येष्टि गरिएको छ ।

**कर्णाली प्रदेश सरकार**
**सामाजिक बिकास मन्त्रालय**
**स्वास्थ्य सेवा निर्देशनालय**
**स्वास्थ्य सेवा कार्यालय, हुम्ला**
**सिमकोट, हुम्ला, नेपाल**

## राशन सिदा खुवाउने कार्यको सिलबन्दी बोलपत्र आह्वान ।

**प्रथम पटक प्रकाशित मिति २०७९।१०।०८ गते ।**

हुम्ला जिल्ला अस्पतालको अन्तरङ्ग विभाग (ईण्डोर शाखामा भर्ना भई उपचार गराउने बिरामीहरुको लागि) मिति २०७९ साल माघ १ गते देखि लागु हुने गरि मिति २०८० पौष मसान्त सम्मका लागि राशन सिदा खुवाउने कार्यको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले रासन सिदा खुवाउन ईच्छुक ईजाजत प्राप्त फर्मले रु १० को टिकट टाँसी निम्न शर्तको अधिनमा रहि रित पूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नू हुन सम्बन्धित सबैको जानकारीको लागि यो सिलबन्दी बोलपत्र आह्वानको सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१ ईच्छुक ईजाजत प्राप्त फर्मले बोलपत्र फारम प्रत्येकको पछि फिर्ता नहुने गरी रु.१००० (एक हजार मात्र) तिरी सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) औं दिन भित्र स्वास्थ्य सेवा कार्यालय, हुम्ला, प्रदेश लेखा ईकाइ कार्यालय, हुम्ला, जिल्ला प्रशासन कार्यालय हुम्लाबाट सिलबन्दी बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२. खरिद गरेको सिलबन्दी दरभाउपत्र सुचना प्रकाशित मितिले १६ औ दिन २०७९।१०।२३ गतेको १२:०० बजे सम्म रु १० को टिकट टाँस गरी निबेदन साथ सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । हुलाक बाट आएका सिलबन्दी बोलपत्रलाई पनि दर्ता गर्न सकिनेछ ।
३. सिलबन्दी दरभाउपत्र सुचना प्रकाशित मितिले १६ औं दिनको २:३० बजे बिभिन्न कार्यालयका प्रतिनिधि, र बोलपत्रदाता वा प्रतिनिधिको रोहवरमा खोलिने छ ।
४. दरभाउपत्र फाराम खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन कुनै सार्बजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको दिनको सोही समयमा दर्ता गर्ने तथा खोलिनेछ ।
५. खरिद भएका बोलपत्रहरु रितपूर्वक भरि आवश्यक कागजपत्र संलग्न राखी सहिछाप गरि सिलबन्दी गरी खामको बाहिर व्यक्ति वा फर्मको पुरा नाम, ठेगाना, कामको विवरण स्पष्ट रुपमा लेखेको हुनुपर्नेछ ।
६. एक फर्म नाममा खरिद भएको दरभाउपत्र फाराम अर्को ब्यक्ति वा फर्म नाम बाट दाखिला गर्न पाईने छैन ।
७. सिलबन्दी बोलपत्र दर्ता गर्दा निम्न कागजातहरु समेतको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।
क) ईजाजतपत्रका प्रतिलिपि ख) मुल्य अभिबृद्धी कर प्रमाणपत्र प्रतिलिपि ।
ग) आ.व ०७८।०७९ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र । घ) नेपाली नागरिकताको प्रमाणपत्र । ङ) आफ्नो फर्म कालो सुचिमा नपरेको घोषणापत्र । च) उपरोक्त कागजातहरु संलग्न नभएमा सो बोलपत्रलाई मान्यता दिईने छैन ।
८. बोलपत्र साथ धरौटी बापत तपसिलमा उल्लेखित रकम प्रदेश लेखा ईकाई कार्यालय, हुम्लाको राष्ट्रिय बाणिज्य बैक शाखा हुम्लामा रहेको धरौटी खाता नं.४१९०१००२०२०३०००० राजश्व शिर्षक नं १४२२९, कार्यालय कोड नं ३५००२६४०२६ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिन समय भएको बिडबण्ड पेस गर्नु पर्नेछ । नगदलाई मान्यता दिइने छैन ।
९. सिलबन्दी बोलपत्र साथ राशनसिदाको नमूना अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । अन्यथा उक्त बोलपत्रलाई मान्यता दिइने छैन ।
१०. सिलबन्दी बोलपत्र फारम भर्दा प्रत्येक दररेट अंक र अक्षरमा स्पष्ट रुपले उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । कुल जम्मा महलमा पनि अंक र अक्षरमा देखिएको फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ ।
११. रित नपुगेको वा म्याद नाघि वा कुनै शर्त राखि आएको टेन्डर फराम उपर कारबाहि हुने छैन ।
१२. नियमानुसार लाग्ने कुनै कर, दस्तुरहरु ठेकेदार स्वयंमले ब्यहोर्नु पर्नेछ ।
१३. सम्झौता अबधिभर कुनै पनि मुल्य बृद्धी दिइने छैन ।
१४. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार राशन व्यवस्थापन समितिमा सुरक्षित रहनेछ ।
१५. स्वीकृत दरबन्दीमा (राशन खाने संख्या बिरामी भर्नाको आधारमा) थपघट भएपछि पनि कबोल दररेटमा नै राशन खुवाउनु पर्नेछ ।
१६. ठेकेदारले ठेक्का लिई सकेपछि सम्झौता अनुसार बिचमा ठेक्का तोड्न/छोड्न पाईने छैन । तोडेमा वा छाडेमा नेपाल सरकारलाई पर्न गएको हानि नोक्सानी प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ ।
१७. सिलबन्दी बोलपत्रदाताले लागत अनुमान भन्दा १५% सम्म कम अंक कबुल गरेमा कबुल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेमा कबुल गरेको अवस्थामा १५% भन्दा जती रकमको घटी कबुल गरेको छ सो को ५० हुन आउने रकम कबुल अंकको ५% थप गरी कार्य सम्पादन जमानत राख्नु पर्नेछ ।
१८. प्रत्येक कुल भुक्तानी अंकको ५ प्रतिशत रकम धरौटी बापत कट्टी गरिने छ । उक्त कट्टी रकम ठेक्का समाप्त पश्चात आन्तरिक राजश्व कार्यालयवाट फूकुवा पत्र प्राप्त भए पछि मात्र फिर्ता दिईनेछ ।
१९. प्रत्येक कूल भूक्तानी अंकको १.५ प्रतिशत अग्रीम आय कर वापत कट्टी गरिनेछ ,उक्त रकम राजश्व खातामा दाखिला गरि फिर्ता गरिने छैन ।
२०. यस सुचनामा लेखिएको हकमा यसै सुचना बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) र नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।
२१. सिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको फोन नं ०८७-६८०२३४ मा सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | विवरण | लागत अनुमान (मू.अ.कर बाहेक) (रु) | विडबण्ड रकम (रु) | बोलपत्र खरिद दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | हुम्ला जिल्ला अस्पतालको अन्तरङ्ग विभाग (ईण्डोर शाखामा भर्ना भई उपचार गराउने बिरामीहरुको लागि) मिति २०७९ साल माघ १ गते देखि लागु हुने गरि मिति २०८० पौष मसान्त सम्मका लागि राशन सिदा खुवाउने कार्य । | १९,९४,८५०।- | ४९,८७१.२५।- | १,०००।- | |

प्रेमबहादुर सिंह
कार्यालय प्रमुख

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# प्रतिबद्धता कार्यान्वयनमा चुनौती

लामो रस्साकस्सीपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नयाँ नेतृत्व पाएको छ । शुक्रबार सम्पन्न संघको २९औं साधारणसभाले राजेन्द्र भण्डारी अध्यक्षसहित नयाँ कार्यसमिति चयन गरेको हो । विगतमा पटक–पटक स्थगित बन्दै आएको साधारणसभा यसपटक सम्पन्न भयो र नयाँ कार्यसमिति चयन गर्न सफल भयो । यसपटक तीनजना प्रतिस्पर्धीलाई पछि पार्दै भण्डारीले विजयी हात पारे । नेकपा एमालेनिकट उनले अबको दुई वर्ष संघको नेतृत्व सम्हाल्ने छन् ।

भण्डारी नेतृत्वको प्रगतिशील समूहले 'समुन्नत राष्ट्र निर्माणको आधार : सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगार' भन्ने नारा अघि सारेको थियो । सो समूह २२ बुँदे प्रतिबद्धतासहित चुनावमा होमिएको थियो । तयसलाई व्यवसायीहरुले अनुमोदन गरिदिएका छन् । अध्यक्षमा भण्डारीसहित तीन उपाध्यक्ष, कोषाध्यक्ष र चार सदस्य गरी नौ जना प्रगतिशील प्यानलबाट विजयी हुनुले उल्लिखित नारा र प्रतिबद्धता अनुमोदन भएको ठहरिन्छ । अब भण्डारीले उक्त नारा र प्रतिबद्धतालाई व्यवहारमा उतार्न जरुरी छ । तर, यो चुनौतीपूर्ण देखिन्छ ।

वैदेशिक रोजगार अहिले मुलुकको लागि बाध्यात्मक बनेर रहेको छ । यसले मुलुकको अर्थतन्त्रलाई धान्ने काम गरिरहेको छ । तर, यही क्षेत्रमा धेरै विकृति र विसंगतिहरु रहेको कुरा लुकेको छैन । वैदेशिक रोजगार व्यवसायी संघ व्यवसायीहरुको हक हितका लागि गठन गरिएको भए पनि यस क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउने दायित्व उसले बिर्सनु हुँदैन । त्यसैले संघले अब यो व्यवसायलाई शुद्धीकरणतर्फ लैजाँदै सम्मानित व्यवसायको रुपमा स्थापित गर्नुपर्दछ । वैदेशिक रोजगारीमा जाने श्रमिकहरुमाथि हुने ठगीलगायतका समस्या समाधानमा नयाँ नेतृत्वले तत्काल पहल गर्नुपर्छ । सरकारले लागू गरेको फ्रि भिसा, फ्रि टिकटको व्यवस्था अझै कार्यान्वयन हुन नसकेको अवस्था छ । व्यवसायीहरुले भने उक्त व्यवस्था खारेजीको माग गर्दै आएका छन् । यस्तो विवादको अवस्थालाई टुंग्याउनेतर्फ संघले पहल गर्नुपर्छ ।

वैदेशिक रोजगार व्यवसायीहरुमाथि 'जसरी पनि पैसा कमाउन लाग्ने' गरेको आरोप लाग्दै आएको छ । कतिपय व्यवसायीहरुले त्यस्तो गरेका घटना पनि बेलाबेला बाहिर आइरहेका हुन्छन् । व्यवसायीहरु स्वयंले पनि बेलाबेला यस्ता कुराहरु स्वीकार गर्दै आएका छन् । यी आरोप र समस्याहरुलाई चिर्न संघको नयाँ नेतृत्वले कसरी पहल गर्लान् भन्ने चासोको विषय बनेको छ । यो नयाँ नेतृत्वको लागि चुनौती पनि हो ।

संघको चुनावमा व्यवसायीहरु राजनीतिकरुपमा विभाजित भएको प्रस्टै देखियो । यसले संघको नयाँ कार्यसमितिलाई आगामी दिनमा काम गर्न कति सहज होला भन्ने प्रश्न उठाएको छ । विगतको स्थिति हेर्ने हो भने पनि संघ सधैं विवादमा फस्दै आएको थियो । संघमा दलीय स्वार्थ हाबी हुँदा त्यस्तो समस्या आएको बुझिन्छ । अहिलेको नेतृत्व पनि कुनै एक दलको समूहबाटै आएका छन् । चुनावमा पराजित उम्मेदवारहरुका साथै सबै व्यवसायीहरुको साथ लिएर अगाडि बढ्नु नयाँ नेतृत्वलाई चुनौती नै हुने देखिन्छ । यद्यपि, नवनिर्वाचित अध्यक्ष भण्डारीले सबैको साझा संस्थाको रुपमा अगाडि बढाउने प्रतिबद्धता जनाएका छन् । प्रतिबद्धताअनुरुप काम गर्न उनलाई सफलता मिलोस्, शुभकामना ।

## मनन्योग्य

### चाणक्य नीति

यसपछि कुलपुरोहितले विधिपूर्वक राज्याभिषेक गरे। हपका तालीसहित राष्ट्रगीत गाइयो । त्यसपछि आ-आफ्ना सामर्थ्यअनुसार उपहार दिने क्रम चल्यो । हीरा पन्ना, मोती, माणिक्य, हात्ती, घोडा, कालीगढीको अदभूत सर्वोत्तमः नमुना उत्तम वस्त्र श्रद्धापूर्वक दिइने भेटले आंगन भरियो ।

घोषणा गर्नेल भेट चढाउने सोमदत्तको नाम पुकारेपछि उसले आफू आसनबाट उठी पहिले आफ्नो परिचय काश्मीरी व्यापारीका रूपमा दियो र भन्यो- 'म मगध सम्राटको सेवामा एक अनुपम उपहार अर्पण गर्दैछु जुन अहिले मणिमाणिक्य र अमूल्य मोतीबाट लिनेछु जसले वास्तवमा महाराज र दरबारियालाई अवश्य आकर्षित गर्नेछ ।'

सोमदेवले चारैतिर चारैतिरबाट ढाकिएको डोलीको पर्दा हटायो । त्यो हटेपछि त्यसबाट एक विश्वमोहिनी युवती बाहिर निस्की । पूर्णयौवना सुन्दरी निलो साडीमा सेतो मोतीको मानाने सुशोभित सुन्दरी देख्ने दिनलाई जति सबै भएर किंकर्तव्यविमूढ भए उसका रूप एवम् लावण्यले सम्पूर्ण एक अज्ञात सम्मोहनमा परे ।

सबैको सम्मोहन सोमदेवका स्वरले भंग भयो । यी परम सुन्दरीलाई म आफ्नो तर्फबाट महाराजालाई उपहार चढाउँछु । कोइलीको जस्तो मला भएकी यी सुन्दरी नाना किसिमका नृत्यमा उत्कृष्ट भएकीले हरेक दृष्टिकोण महाराजको दरबारको शोभा बढाउनेछिन् ।

सबैतिरबाट अद्वितीय उपहारको प्रशसामा वाह-वाहको स्वर सुनिन चन्द्रगुप्त पनि यी सुन्दरी प्राप्तिको हर्ष लुकाउन सकेनन् । उनका मुखबाट उत्ताउलोपना प्रकट भइरहेथ्यो तर आचार्य चाणक्य भने कतै अर्कै दुनियाँमा थिए ।

अचानक चाणक्यले उठ्दै त्यहाँ उपस्थित सबैतिर हेर्दै गम्भीर स्वरमा भने- 'हामी तिम्रा उपहारले प्रसन्न छ । वस्तुत तिम्रो यो उपहार आजका सबै उपहारभन्दा अनौठो छ, हामी यसलाई सहर्ष स्वीकार गर्दछौं ।' *क्रमशः*

# ल्होछार : इतिहास र परम्परा



▶▶ रविन्द्र तामाङ

### पृष्ठभूमि

प्राचीनकालमा काठमाडौं उपत्यकामा पानीको ठूलो दह थियो । जहाँ नागहरु बस्दथे । बन्धुमती नगरबाट एक दिन विपश्वी बुद्ध यहाँ आउनुभयो र दहमा चैत्र पूर्णिमाको दिन कमलको बीज छर्नुभयो । त्यसबाट कमलको फूल फुलेर आश्विन शुक्ल पूर्णिमाको दिन नागदहमा श्रीस्वयम्भू ज्योतिरुप उत्पन्न भयो । त्यही ज्योतिरुपबाट निःसृत पञ्चरंगी किरणहरुमा पञ्चबुद्ध प्रकट हुनुभयो । यसपछि सो ज्योतिको दर्शन गर्न विश्वभू बुद्ध आउनुभयो । स्वयम्भू ज्योतिको दर्शन गर्नुभई नागदहको जल बाहिर निस्कने बाटो स्थानीयहरुलाई बताएर चाँडै यहाँ मानव सभ्यता र संस्कृतिको विकास हुने घोषणा गरेर जानुभयो ।

यसैगरी महाचीनबाट आफ्ना शिष्यहरुसहित महामञ्जुश्री काठमाडौंको नागदहमा उत्पन्न भएको ज्योतिको दर्शन गर्न आउनुभयो । उहाँले आफ्ना शिष्य र स्थानीयहरुको सहयोगमा नागदहको पानी चौबार, पशुपति र गोकर्णमा काटेर बाहिर पठाउनुभयो । अनि कात्तिक शुल्क पूर्णिमाको दिन स्वयम्भू ज्योतिको दर्शन नजिकै गएर गर्नुभयो । तलाउका नागहरु पनि बसून् भनी टौदह, धनदह र द्वासा तीर्थ सिर्जना गर्नुभयो । अनि उहाँले उपत्यकामा मञ्जुपतन नामक सहर बसाइ धर्माकारलाई राजा बनाई नेपाल खाल्डो अर्थात् उपत्यकामा मानव सभ्यता र बौद्ध संस्कृतिको स्थापना गर्नुभई चीन फर्कनुभयो भन्ने कुरा बौद्ध वाङमयको स्वयम्भू पुराण पुस्तकमा उल्लेख छ ।

### तामाङ जातिको प्रवेश उपत्यका आगमन

यिनै पृष्ठभूमिलाई उल्लेख गर्दै बौद्ध धर्मावलम्बी तामाङहरु 'आफूलाई बोधिमहासत्व महा-मञ्जुश्रीसँसँगै काठमाडौ उपत्यकामा आएर बसोबास गरेका हौं । हामी मञ्जुश्रीका शिष्यहरुका सन्तान हौं । काठमाडौ उपत्यकाको आदिवासी हौं' भनेर दाबी गर्दछन् । आफ्ना गुरु र पुर्खा महामञ्जुश्रीको स्मरण गर्दै हरेक वर्षको माघ शुल्क प्रतिपदाको दिन आफ्नो घरको आगन, गुम्बाका साथै आफू बसोबास गर्ने पहाड पर्वतका थुम्काहरुमा मञ्जुश्रीको प्रतीक खड्ग (राल्ठी) को गजुर राखी धार्मिक झण्डा (लुङ्दर) ठड्याइ नव वर्ष अर्थात् ल्होछार सुरु भएको घोषणा गर्दछन् ।

### तामाङ जातिमा मञ्जुश्री संवत्को प्रचलन

चीनको पञ्चश्री पर्वतबाट आउनुभएको बोधिसत्व महामुनी मञ्जुश्रीले नेपाल उपत्यकाको नागदहमा स्वःउत्पन्न भएको ज्योतिको दर्शन गरेर मानव सभ्यता, धर्म र संस्कृतिको सुरुआत गरेको स्मरणमा उहाँकै साथमा आएर चीन नफर्की काठमाडौं उपत्यका र यसका पहाडी भूभागमा आवाद रहेका तामाङहरुले उनैद्वारा प्रतिपादित पात्रोको आधारमा हरेक वर्षको माघ शुल्क प्रतिपदाको दिन संवत् फेरिएको उपलक्ष्यमा मञ्जुश्री संवत् मनाउने गर्दछन् । तामाङहरुले मनाउने मञ्जुश्री संवत् यस वर्ष २८५९ हो । यसबाट पनि आदिवासी तामाङ जाति चीन तिब्बत हुँदै नेपाल सरहदको केरुङ र कुती नाकाबाट नेपाल प्रवेश गरेर काठमाडौं उपत्यका र यसका वरिपरिका पहाडी भूभाग अर्थात् बागमती प्रदेशमा आवाद भएको पनि २८५९ वर्ष पुगेको प्रस्ट हुन्छ ।

### वर्ष (वर्ग) परिचय, धार्मिक र सामाजिक महत्व

तामाङहरुले मनाउने वर्गहरुले १२ वटा पशुपक्षीको प्रतिनिधित्व गरेको पाइन्छ । जसमा मुसा, गोरु, बाघ, बिरालो, सर्प, घोडा, भेडा, बाँदर, चरा , कुकुर र सुंगुर क्रमशः पर्दछन् । उल्लिखित १२ पशुपक्षीका प्रतीक वर्षहरुको पञ्चतत्त्वगत स्वभावहरु हुने गर्दछन् । जसमा आगो, माटो, धातु, पानी र काठ हुन्छ । त्यसैले उनीहरु आफ्नो वर्ष गणना, जन्मदेखि मृत्युसम्मका संस्कार, मनोवैज्ञानिक उपचार, मंगलपूजा, नवकार्यहरुको थालनी र अशुभ तत्त्वहरुको फालनी गर्दा धर्मगुरु वा लामा पुरोहितसँग सरसल्लाह गरी प्राचीन ज्योतिष पद्धतिको चन्द्रपात्रोअनुसार गर्ने गर्दछन् । यसरी पशुपक्षीको वर्ष र पञ्च तत्त्वगत स्वभाव मिलाउँदा मित्र भए जीवन सहज, सफल र राम्रो हुने र शत्रु भए असहज, नराम्रो र असफल हुन्छ भन्ने तामाङहरुको मान्यता रहेको छ ।

### घरघरमा तामाङ ल्होछारको प्रारम्भ

तामाङहरुमा परम्परागतरुपमा माघे संक्रान्तिको दिनदेखि नै नव वर्ष मनाउन थाल्दछन् । यो उनीहरुको परम्परागत वर्ष गणना गर्ने ल्होछार हो । जो सौर्य पात्रोमा आधारित रहेको छ । यसलाई शाहकाल र राणाकालमा राज्यले मानेको हिन्दू धर्मको प्रभावको रुपमा लिनु पर्दछ । यसैभित्र तामाङ ल्होछार अर्थात् नयाँ वर्ष गणना अवशेषको रुपमा छोपिरहेको छ । त्यसैले उनीहरु पुसको अन्तिम दिनको साँझपख कन्दमूल उसिन्ने, फापरको पीठोको रोटी उसिनेर पकाउने गर्दछन् । संक्रान्तिको दिन उनीहरुका घरमूली वा महिला पानी पँधेरो रहेको ठाउँमा गएर नुहाइ, पाठपूजा गरी चोखो पानी ल्याएर कुलदेवताका साथै भगवान् बुद्धलाई चढाउने गर्दछन् । यसपछि सपरिवारले आफ्ना कुल देवता र गुरु पद्मसम्भव, लोकेश्वर र बोधिसत्व मञ्जुश्रीलगायतलाई ढोग गर्दछन् । अनि परिवारका प्रत्येक सदस्यले आफूभन्दा ठूलाबडाबाट ढोग थापी आशीर्वाद लिने गर्दछन् ।

त्यसपछि हरेक घरका सदस्यहरु गाउँघरमा रहेका अन्य ठूलाबडा र मान्यजनका पुगेर ढोग थापेर आशीर्वाद लिने गर्दछन् । बालबालिकाहरु गाउँघरका दैलोदैलोमा पुगी आलम रोटी देउ भनी माग्ने भिक्षा पाएपछि ढोग थाप्दै, आशीर्वाद लिने गर्दछन् । यसका साथै साँझपख कुलायन भाइ, छोरीज्वाइँहरुको साथमा जाँड रक्सी, मासुलगायत खानपिन सँगसँगै बसी गरेर खानपिनपछि डम्फु, टुङ्ना बजाएर दुःख सुखका सेलो गीत गाउँदै सेलो, म्हेन्दोमाया नृत्य गर्ने गर्दछन् । यसरी कुल कुटुम्बलाई बोलाएर अनिवार्यरुपमा खुवाउने कार्यक्रम तामाङहरुमा माघ महिनाभर चल्दछन् ।

### गुम्बा-गुम्बामा तामाङ धार्मिक ल्होछार

मञ्जुश्री ज्योतिष पद्धतिअनुसार तिथिगतरुपमा तामाङहरु माघ शुक्ल प्रतिपदाको दिन धार्मिकरुपमा नयाँ वर्ष फेरिएको मान्दछन् । यस दिन तामाङहरु आ-आफ्ना गाउँमा रहेको घ्याङ-गुम्बामा भेला हुन्छन् । भगवान् बुद्ध, बोधिसत्व मञ्जुश्री, अवलोकेश्वर, पद्मसम्भव, बज्रसत्वलगायतको स्मरण पूजन गर्दछन् । अनि आफ्ना पुरोहित लामाहरुले सम्भोटा लिपिका धार्मिक पुस्तकहरु बाजागाजा बजाउँदै बौद्ध धर्मका मन्त्रोच्चारणहरु घण्टौंघण्टा गुम्बामा बसेर श्रवण गर्ने गर्दछन् । यसपछि गुम्बामा रहेका भगवान् बुद्ध, पद्मसम्भव, लोकेश्वर, मञ्जुश्री, बज्रसत्वलगायतलाई ढोग गर्दै १०८ दीप प्रज्वलित गर्दै विश्वशान्तिको कामना गर्दै नव वर्षले सम्पूर्ण मानव प्राणी जगतमा सुख, शान्ति र समृद्धि ल्यायोस् भन्ने कामना गर्ने गर्दछन् । अन्तमा पूजा सकिएपछि सो घ्याङ/गुम्बाको आँगनमा पुरानो वर्ष गएको र नयाँ वर्ष फेरिएको अवसरमा लामा पुरोहितले प्रतीकको रुपमा धार्मिक झण्डा लुङ्दर उभ्याउने गर्दछन् ।

यसरी धार्मिक ध्वजामा उभ्याउँदा लामा पुरोहित र उपस्थित महानुभावले चम्पाको पीठो तीन पटक आकाशतर्फ उडाउने गर्दछन् । यसरी उडाउँदा उनीहरुले 'राक्षसहरुको अन्त्य होस् देवताहरुको विजय होस्, अनिकाल हटोस्, सहकाल आओस्, दुःख, दशा, रोग अशान्ति नहोस्, सुख शान्ति दीर्घायु रहोस्' भन्ने जस्ता बौद्ध धर्म ग्रन्थका श्रुतिहरुले मन्त्रोच्चारण गर्दै कामना गर्ने गर्दछन् ।

तत्पश्चात् पूजामा लामा गुरुहरुबाट उपस्थित तामाङ महानुभावहरुले आशीर्वाद लिने गर्दछन् । त्यसपछि गुम्बामा उपस्थित महानुभावहरुबीचमा एक अर्कामा ल्होछारको शुभकामना आदानप्रदान गर्दै प्रसाद खाने गर्दछन् । अनि घर फर्किएर आफन्तजन, इष्टमित्र र साथीहरुलाई समेत नयाँ वर्षको शुभकामना दिने लिने गर्दछन् ।

### राज्यले मान्यता दिएको स्मरणमा टुँडिखेलमा ल्होछार महोत्सवः

प्राचीनकालमा नैमहा चीनबाट नेपाल उपत्यकामा नागदहमा उत्पन्न स्वयम्भू ज्योतिको दर्शनार्थ आउनुभएको बोधिसत्व एवं ज्योतिषाचार्य मञ्जुश्री अर्थात् झचाम्याङको प्रवेशको क्रममा यस पर्व भित्रिएको थियो । जसलाई मञ्जुश्रीसँगसँगै उनका शिष्यको रुपमा नेपाल प्रवेश गरेका तामाङहरुले ल्होछार परम्पराको अभ्यास प्राचीनकालदेखि मल्लकालसम्म खुलेर गरिरहेका थिए । जसको प्रमाणस्वरुप स्वयम्भू महाचैत्यको अग्रभागमा रहेको धर्मधातुको बज्र राखिएको इनारको वरिपरि प्राचीन ल्हो पद्धतिको १२ वटा जीवजन्तुको चित्रबाट पनि प्रस्ट हुन्छ । शाह र राणाकालमा राज्यले हिन्दू धर्मलाई राजकीय र सर्वोच्च धर्म मानेर अन्य धर्मलाई खासै महत्त्व नदिएका कारण तामाङ सामाजिकरुपमा ल्हो पद्धति, वर्ष गणना र संस्कारजन्य कार्यमा र धार्मिकरुपमा गुम्बाहरुमा वर्ष फेरिएको प्रतीकस्वरुप कामना र दशाग्रहलगायत पूजाआजा जस्ता कार्यमा सामान्य अभ्यासको रुपमा जीवन्त रहिरहेको थियो ।

वि.सं. २०४६ को परिवर्तनपछि तामाङ संघसंस्थालगायत जनजातीय संघसंस्था र प्राज्ञिक व्यक्तिहरुले गरेको प्राज्ञिक आन्दोलनबाट नेपाल सरकारले वि.सं. २०५१ देखि ल्होछार पर्वलाई 'राष्ट्रिय सांस्कृतिक पर्व'को रुपमा मान्यता दिएर सार्वजनिक बिदा दिने घोषणा गऱ्यो । जसको स्मरण गर्दै खुसियालीस्वरुप राज्यले सार्वजनिक बिदा दिएको दिनमा नै राजधानी, प्रदेश र जिल्लाहरुका टुँडिखेलमा उत्सव-महोत्सव नै आयोजना गरेर ल्होछार पर्व अर्थात् नव वर्ष महोत्सव मनाउने प्रचलन नै बस्यो । यस्ता महोत्सवमा तामाङ जातिहरु, विभिन्न संघसंस्थाका पदाधिकारीहरु, प्राज्ञिक व्यक्तित्वहरु, लेखक पत्रकार, स्रस्टालगायतको उपस्थिति रहने गर्दछ । महोत्सवमा एकातिर आयोजकले नेपाल सरकारका प्रधानमन्त्री, मन्त्री र सांसदहरुलाई पनि कार्यक्रममा अतिथि बनाउने र सम्बोधन गराउने र अर्कोतिर तामाङ जातिका पदाधिकारी, विद्धानविदूषीहरुले वक्ताहरुले आफ्नो जातीय मुक्ति, समृद्धि र उन्नतिका मागहरु राज्यलाई सुनाउने गर्दछन् । कार्यक्रममा तामाङ सर्वसाधारणको उपस्थिति, कलाकारहरुको गीत संगीत र नृत्यहरुबाटसमेत मनोरञ्जन, व्यवसायीहरुले राखेका स्टलहरुमा तामाङ खाना, वेशभूषा र कलाकारहरुको बिक्री वितरण पनि हुने गर्दछ । जहाँ उपस्थित भएर तामाङहरुले आफ्नो जातीय पहिचान, एकता र साम्प्रदायिक सद्भाव प्रदर्शन र प्रकट गर्ने एकातिर गर्ने गर्दछन् भने अर्कोतिर काठमाडौं उपत्यका र यसका वरिपरिका पहाडी प्रदेशका तामाङहरुले हामी उपत्यका र यसका वरिपरिका पहाडी प्रदेशका आदिवासी हौं भन्ने भौतिक प्रमाण पेस गर्दछन् ।

### विश्वव्यापी सोनाम ल्होछार

बोधिसत्व मञ्जुश्रीद्धारा प्रतिपादित पात्रोअनुसार हरेक वर्षको माघ शुक्ल प्रतिपदाको दिन सोनाम ल्होछार अर्थात् नयाँ वर्ष पर्व पर्दछ । सोही दिन चीन, ताइवान, हङकङ, मकाउ, सिंगापुर, मंगोलिया, मलेसिया, थाइल्याण्ड, लाओस, भियतनाम, बर्मा, जापान, तिब्बत ( कृषकहरु), भारत (लद्दाखी)हरुले नयाँ वर्ष मनाउँछन् । नेपालका पनि हयोल्मो, नेस्याङ्वा, डोल्वालगायत हिमाली भेगका जातिहरुले पनि नयाँ वर्ष मनाउँछन् । यसबाट गुरुङहरुले मनाउने तोला ल्होछार, शेर्पाहरुले मनाउने ग्याल्पो ल्होछारभन्दा तामाङहरुले मनाउने सोनाम ल्होछार विश्वव्यापीकरणले पनि यसको प्राचीनता प्रस्ट हुन्छ ।

बोधिसत्व मञ्जुश्रीद्धारा प्रतिपादित पात्रोअनुसार हरेक वर्षको माघ शुक्ल प्रतिपदाको दिन सोनाम ल्होछार अर्थात् नयाँ वर्ष पर्व पर्दछ । सोही दिन चीन, ताइवान, हङकङ, मकाउ, सिंगापुर, मंगोलिया, मलेसिया, थाइल्याण्ड, लाओस, भियतनाम, बर्मा, जापान, तिब्बत ( कृषकहरू), भारत (लद्दाखी)हरूले नयाँ वर्ष मनाउँछन् । नेपालका पनि ह्योल्मो, नेस्याङ्वा, डोल्वालगायत हिमाली भेगका जातिहरूले पनि नयाँ वर्ष मनाउँछन् । यसबाट गुरुङहरूले मनाउने तोला ल्होछार, शेर्पाहरूले मनाउने ग्याल्पो ल्होछारभन्दा तामाङहरूले मनाउने सोनाम ल्होछार विश्वव्यापीकरणले पनि यसको प्राचीनता प्रस्ट हुन्छ ।




### निष्कर्ष

माथि उल्लिखित जुनसुकै देशका बौद्ध धर्मावलम्बीहरुले अ-आफ्ना देशमा माघ शुक्ल प्रतिपदाको दिनमा सोनाम ल्होछार अर्थात् नयाँ वर्ष पर्व मनाउने धार्मिक विश्वास के हो भनेर अध्ययन गर्दा भगवान् बुद्धको एउटा जातक कथा सर्वत्र सुन्न पाइन्छ । सो कथाअनुसार 'जब भगवान् बुद्ध स्वर्ग फर्कने बेला नजिक आयो । तब उहाँले सम्पूर्ण पशुपक्षीलाई आफूले पृथ्वी छोड्नुपूर्व बोलाउनुभयो । तर, उहाँलाई बिदाइ गर्न केवल १२ वटा पशुपक्षीहरु मात्र आइपुगे ।

यसरी उहाँलाई भेट गर्न एकपछि अर्को गरी क्रमशः मुसा, गोरु, बाघ, बिरालो, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुंगुर आउने पशुपक्षीको नामबाट वर्षको नामकरण हुनेछ । जोजो मानवहरुको जन्म, जुनजुन वर्ष संवत्मा हुनेछ । सोही जन्म वर्षको प्रतीकअनुसार नै उनीहरुको स्वभाव, चरित्र र जीवनशैलीमा पर्नेछ । र, उनीहरुले सोहीअनुसार जीवन व्यतीत गर्ने छन्' भनेर आशीर्वाद दिनुभएका कारण पशुपक्षीलाई सम्मान गर्ने नयाँ वर्ष मनाउन थालिएको बताउँछन् ।

यसबाट पनि तामाङ ल्होछार अर्थात् पशुपक्षीको प्रतीकस्वरुप नयाँ वर्ष मनाउने प्रचलनको लामो सामाजिक, आर्थिक र धार्मिक इतिहास रहेको प्रस्ट हुन्छ । यसबाट पनि ल्होछार पर्व मनाउने प्रचलन शिकारी युगबाट आरम्भ भएर बुद्धकालीन समयमा धार्मिक मान्यता प्राप्त भएको संकेत गर्दछ । विज्ञान, गणित र ज्योतिष संवत् रहेको ल्होछार अर्थात् नयाँ वर्ष/पर्व बौद्ध धर्मको माध्यमबाट नेपाल, भारत, चीन, तिब्बत हुँदै ताइवान, हङकङ, मकाउ, सिंगापुर, मंगोलिया, मलेसिया, थाइल्याण्ड, लाओस, भियतनाम, बर्मा, जापानलगायत देशहरुमा फैलिएर विश्वव्यापीकरण भएकोसमेत प्रस्ट हुन्छ ।

यसरी लामो इतिहास, धर्म, परम्परा, मूल्य मान्यता र अभ्यास बोकेको ल्होछार पर्व एवं संवत् यसपटक बाघ वर्गको बिदाइ र बिरालो वर्गको आरम्भ वि.सं.२०७९ माघ ८ गते परेको पावन अवसरमा हरेक प्राणीमा सुख, शान्ति र समृद्धिका साथै विश्वमा शान्ति कायम होस् भनी शुभकामना व्यक्त गर्दछु ।

rabindratamang@gmail.com

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# काँचुली फेर्दै कञ्चनपुरको झलारी बजार

■ राजेन्द्रप्रसाद पनेरू

**कञ्चनपुर–** छ दशकअघि झलारी बजार रहेको क्षेत्र घना जंगलका रूपमा रहेको थियो । दिउँसै बाटैमा बाघ चितुवा लगायतका हिंस्रक जनावर आँखा अगाडि नै देखापर्दथे । वन क्षेत्र नजिकै एक मात्रै भारतीयले सञ्चालन गरेको मदिराको भट्टी थियो ।

'एक-दुईजनाले हिँडेर त्यस ठाउँमा पुग्न डर लाग्थ्यो,' दुई दशक चार कार्यकाल झलारी गाउँ पञ्चायतको प्रधानपञ्च भएर सम्हालेका ढक्कनबहादुर ऐरले भने, 'त्यो बेलाको अवस्था हेर्दा झलारी बजार यस्तो रूपमा विकास होला भनेर सोचेकै थिएनौं ।'

उनका अनुसार २०१५ सालअघि आवश्यकताका सामान ल्याउन ब्रह्मदेव र भारतीय बजार टनकपुर पुग्नु पर्दथ्यो । गाउँका बासिन्दाले सल्लाह गरेर सामान ल्याउनका लागि समूह बनाउँथे । समूहमै सामान ल्याउनका लागि गाउँका बासिन्दा जान्थे । 'महाकालीमा नाउ चल्थ्यो, नुनलगायतको सामान ब्रह्मदेव मण्डीमै पाइन्थ्यो,' उनले भने, 'परिवारको वर्षभरिका लागि पुग्ने कपडाका लागि भारतीय बजार नै पुग्दथ्यौं ।'

राजा महेन्द्रले पूर्व-पश्चिम राजमार्गको शिलान्यास गरेपछि यस क्षेत्रमा पनि वि.सं. २०१८ मा सडक बन्न थाल्यो । 'सडक खुलेपछि कहिलेकाहीँ भारतीय ट्रक बाँस बोक्नका लागि आउने गर्दथे, मौका मिले त्यसमै बसेर आवश्यकताका सामान ल्याउन भारत जाने गर्दथ्यौं,' ऐरले भने, 'नमिले पैदल हिँडेर पनि सामान ल्याउँथ्यौं ।'

सडकमा काम गर्ने मजदुरलाई लक्षित गरी त्यसबेला झलारीमा दुईवटा पसल खुले । घाँसको झुपडीमा चियासँगै थोरै सामान राखेर पसल सञ्चालन भए । सडक निर्माणसँगै महेन्द्रनगर बजार बस्यो । त्यसपछि समान ल्याउनका लागि सहज भएको ऐरको भनाइ छ ।

औलो उन्मूलन नहुँदासम्म पहाडी क्षेत्रबाट हिउँदका बेला मौसमीरूपमा मात्रै तराईमा बस्ने कार्य हुन्थ्यो । गर्मी सुरु नहुँदै पहाडतर्फ लाग्नुपर्ने बाध्यता थियो । औलो लागेर धेरै जनाको ज्यान जान्थ्यो । 'वि.सं. २०२८ सालमा औलो उन्मूलन भएपछि बाह्रै महिना तराईमा बस्न थाल्यौं,' ८४ वर्षीय ऐरले भने, 'त्यो बेला जमिनदारी प्रथा थियो, जमिन्दारलाई रैती राख्ने अधिकार हुन्थ्यो, रैती राख्ने हटाउने कार्य जमिनदारले गर्दथे ।' कृषि उपज खरिद गर्न भारतीय व्यापारी (महाजन)ले गोरु गाडा लिएर आउँथे । महाजनसँगै अन्नको कारोबार हुन्थ्यो । जमिनदारसँग पछि रुसमा बनेका ठूला ट्र्याक्टर आए । खेत गोरुसँगै ट्र्याक्टरले जोत्ने कार्य हुन थाल्यो ।

'भारतीय डाँकाहरूले दिउँसै आएर लुटपाट मच्चाउन थालेपछि प्रधानपञ्च भएकै बेला वि.सं. २०३२ तिर मैले प्रहरी चौकीको माग गरेँ,' ऐरले भने, अस्थायी थाना राख्यौं, चारजना मात्रै प्रहरी बस्थे, प्रहरी बस्न थालेपछि डकैती हुने क्रममा कमी आयो, पहिलेको थाना अहिले इलाका प्रहरी कार्यालय भएको छ, मिडिल स्कुल बनायौं, अहिलेको त्यो श्रीकृष्ण मावि उच्च मावि बनेको छ, जिल्लाको सदरमुकाम बेलौरी त्यसबेला थियो, मातपोत जसलाई पोता भन्थ्यौं, पोता बुझाउन बेलौरी जान्थ्यौं ।'

झलारीलाई राणाकालीन समयअघिदेखि नै झलारी भन्थे यसको नाम झलारी कसरी रहन गयो भन्नेबारे जानकारी नभएको उनको भनाइ छ । औलो उन्मूलनसँगै पूर्व-पश्चिम राजमार्ग खोलिएपछि झलारी क्षेत्रमा बस्ती बस्न सुरु भएको हो । सनवोरालगायतका नदीमा पक्की पुल बनेपछि झलारी क्षेत्रमा घर निर्माण हुन थाले । विस्तारै बजारका रूपमा विकास भयो । पहाडी क्षेत्रबाट बसाइँ सर्नेहरूको संख्या बढेसँगै झलारी बजारमा घनाबस्ती बस्यो । अहिले बजारका रूपमा परिणत भएको छ । वि.सं. २०२९ देखि वि.सं. २०४६ सम्म ऐरले झलारी पञ्चायतको प्रधानपञ्च भएर काम गरेका हुन् ।

उनी भन्छन्, 'पञ्चायती व्यवस्थामा प्रधानपञ्च लिडर हुन्थे, गाउँको न्याय निसाफ छिन्ने, विकास निर्माणको कार्यमा प्रधानपञ्चकै भनेअनुसार हुन्थ्यो, केन्द्रबाट अहिलेजस्तो बजेट आउँदैनथ्यो, घर कर, पसल कर उठाउँथ्यौं, त्यो पनि केन्द्रमै पठाउनु पर्दथ्यो, घरको अन्न बेचेर कार्यालयको कागजातको व्यवस्था गरिन्थ्यो, सचिवको तलब मात्रै सरकारले व्यहोर्थ्यो, त्यो व्यवस्था आफ्नै कार्यकर्ताको शोषण गर्ने व्यवस्था थियो, कारोबार केही नहुँदासमेत सरकारले वर्षको दुई पटक अडिटर भने पठाउँथ्यो, त्यसको खाने बस्ने सबै व्यवस्था प्रधानपञ्चले गर्नु पर्दथ्यो ।'

किसानले भारतीय साहूमहाजनले भनेकै दरमा अन्न बिक्री गर्नुपर्ने बाध्यतालाई ध्यानमा राखी सरकारले वि.सं. २०३४ तिर साझा सहकारीमार्फत काँटा खोलेको स्मरण गर्दै उनले भने, ' त्यसपछि त्यसमै किसानले धान, गहुँ, मकै, तोरीलगायत बेच्न थाले, मूल्य पनि पाउन थालेँ ।'

झलारी गाउँ पञ्चायत हुनुअघि अर्जुनी पञ्चायत थियो । जोगराम डगौरा अर्जुनी गाउँ पञ्चायतका प्रधानपञ्च हुनुहुन्थ्यो । त्यसपछि शेरसिंह ठकुरी र जयबहादुर ऐर प्रधानपञ्च भए । झलारी गाउँ पञ्चायत भएपछि ऐर प्रधानपञ्च भएका हुन् । प्रजातन्त्र स्थापनाका लागि वि.सं. २०४६ को जनआन्दोलनपछि ऐर प्रधानपञ्चबाट हटे झलारी गाउँ पञ्चायत हुँदा यहाँको जनसंख्या पाँच हजार थियो । पछि बढ्दै गएर १५ हजार पुग्यो । अहिले यहाँको जनसंख्या ६३ हजार ६६७ पुगेको छ ।

तत्कालीन पञ्चायती व्यवस्थाका प्रधानमन्त्री सूर्यबहादुर थापालाई वि.सं. २०४१ मा बाहच क्षेत्रबाट आएका युवाहरूको समूहले झलारीमा कालोमोसो दलेपछि यस क्षेत्रले चर्चा पाएको ऐरको भनाइ छ । त्यसबेला झलारी बजारमा १५ जतिमात्रै पसल थिए । तीन कुटानीपिसानीका डिजेलबाट चल्ने मिल थिए । हाल झलारीमा ३०० भन्दा बढी पसल रहेका छन् । घरको संख्या मात्रै एक हजारभन्दा बढी रहेको छ । तत्कालीन झलारी, पिपलाडी र देखतभूली गाउँ पञ्चायतलाई गाउँ विकास समितिमा परिणत गरियो । त्यसपछि तीनवटै गाविसलाई मिलाएर हाल शुक्लाफाँटा नगरपालिका बनाइएको छ ।

झलारी बजार बस्ने क्रम वि.सं. २०४४ देखि सुरु भएको व्यवसायी घनश्याम भट्ट बताउँछन् । उनका अनुसार वि.सं. २०५१ अघि सबै घर पसल कच्ची नै थिए । पूर्व-पश्चिम राजमार्गमा पक्की पुल निर्माण भएपछि मात्रै पक्की घर बन्न थालेका हुन् । 'वि.सं. २०४५ सम्म झलारी बजार क्षेत्रको जग्गाको दर प्रतिक√ा १० हजार रुपैयाँमा खरिद-बिक्री हुन्थ्यो,' उनले भने, 'हाल बजार क्षेत्रको जग्गाको मूल्य प्रतिक√ा एक करोड रुपैयाँभन्दा बढी पुगेको छ ।' कारोबारका दृष्टिकोणले महेन्द्रनगरपछिको बजारका रूपमा झलारी रहेको छ । झलारी बजारमा हाल दैनिक कारोबार ४५ लाखदेखि एक करोड रुपैयाँसम्म हुने गरेको छ ।

'बजार क्षेत्रका व्यापारीको हितका लागि पहिला बजार व्यवस्थापन समिति गठन गरी काम गर्‍यौं,' उनले भने, 'बजारको क्षेत्र बढ्दै गएपछि हाल उद्योग वाणिज्य संघ दर्ता गरेर विधिवत्‌रूपमा सञ्चालन गरेका छौं ।' पहिलो कार्यालयका रूपमा झलारीमा नेपाल बैंक लिमिटेड, महिला विकास शाखा, हुलाक, प्रहरी थाना र साझा संस्था सञ्चालनमा थिए । स्थानीय कर्णबहादुर ऐरले भने, 'कार्यालयको नामको ठेगानामा वि.सं. २०३८ तिर झलारी नलेखेर विलासपुर लेख्ने गरेका थिए, स्थानीयले झलारी नै भन्थे ।'

वि.सं. २०५४ सम्म झलारी बजारका व्यापारीले धनगढीबाट समान ल्याएर बेच्ने गरेका थिए । हाल काठमाडौंलगायतका क्षेत्रबाट थोकमा सामान ल्याएर व्यापारीले यहाँ बेच्ने गरेका छन् ।

शुक्लाफाँटा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष हरेन्द्र भण्डारीका अनुसार संघमा दर्ता भएका पसलको संख्या ३७० रहेको छ भने संघमा दर्ता नभएर सञ्चालनमा रहेका पसललाई समेत जोड्दा त्यो संख्या ५०० भन्दा बढी हुन्छ । झलारी बजारमा व्यावसायिक पसल र बसोबासका लागि घर थपिने क्रम बढे पनि सुविधा भने नबढेको नगरवासीको भनाइ छ । आधुनिक तरिकाले बजार नबस्दा साँघुरा गल्ली र नालीको भरपर्दो व्यवस्था छैन ।

अहिले एसियाली विकास बैंकको सहयोगमा बजार क्षेत्रमा सडक पूर्वाधार निर्माणको कार्य सुरु भएको छ । बजार क्षेत्रमा विद्युत्, खानेपानी, टेलिफोनको व्यवस्था भए पनि व्यवस्थित भने छैन । बजार क्षेत्र बढ्दै गए पनि नगरपालिकाले पूर्वाधार विकासका लागि चासो नदिएको नगरवासीको भनाइ छ । बजार क्षेत्रको वडालाई र अन्य वडालाई एकै किसिमको बजेटको व्यवस्था गर्दा थोरै मात्र कार्य हुन सकेको छ । *रासस*

# मतदाता परिचयपत्र छ, नागरिकता छैन

**चितवन–** चितवनको खैरहनी नगरपालिका-१० स्थित एकीकृत मुसहर बस्तीका बासिन्दा हालसम्म नागरिकताबाट वञ्चित छन् । उनीहरूसित मतदाता परिचयपत्र त छ तर नागरिकता भने छैन ।

खैरहनीमा लामो समयदेखि बसोबास गर्दै आएका मुसहरबासी वर्षौंदेखि नागरिकताविहीन छन् । उनीहरूको अघिल्लो पुस्ता पनि नागरिकताबाट वञ्चित थियो । २२ वर्षीय अनिल माझीले कक्षा ६ सम्म अध्ययन गरिसकेपछि जन्मदर्ता नभएका कारण अध्ययनलाई निरन्तरता दिन सकेनन् । वर्षौंदेखि आफ्ना पूर्खा यहीँ बसेका भए पनि अहिलेसम्म नागरिकता नपाउँदा विभिन्नसमस्या झेल्नुपरेको उनी बताउँछन् । 'नागरिकता नहुँदा छोराछोरीको जन्मदर्ता गरेर शिक्षा दिन पाएका छैनौं,' माझीले भने । नागरिकता नहुँदा दैनिक मजदुरी गरेर कमाएको पैसासमेत बचत गर्न नपाएको उनको गुनासो छ । यस्तै गुनासो सुनाउँछन्, ५५ वर्षीया एमपी माझी । 'लामो समयदेखि नागरिकता पाउन सकेका छैनौं,' उनले भने । पटक-पटक वडा कार्यालयमा गएर नागरिकता माग्दा 'तिमीहरूलाई किन चाहियो नागरिकता' भन्दै उल्टै प्रश्न गर्ने गरेको दुःखेसो उनले पोखे ।

नागरिकता नहुँदा छोराछोरीको जन्मदर्ता गर्न नपाएको उल्लेख गर्दै माझी छोराछोरीलाई पढाएर रोजगारीका लागि विदेश पठाउने सपना चक्नाचुर भएको बताउँछन् । उनले भने, ' नागरिकता बनाउन पाए छोराछोरी कतै काम गर्न जान पाउँथे । कमाएको पैसा बचत गर्न सकिन्थ्यो ।' नागरिकता नहुँदा आफुहरू ठगिएको स्मरण गर्दै उनले भने, 'हामीले एक व्यक्तिको नाममा विश्वास गरेर सामूहिक बचत पनि गरेका थियौं तर उसले हाम्रो पैसा लिएर फरार भयो ।'

आफूहरूसँग मतदाता परिचयपत्र भने भएको उनले बताए । हरेक निर्वाचनमा साविकको कठार गाउँपालिकाबाट मतदान गर्दै आएका छन्, तर नागरिकता बनाउन खोज्दा समस्या भएको माझीको भनाइ छ । दैनिक मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका मुसहर समुदायलाई व्यवस्थितरूपमा राख्नका लागि २०७६ सालमा जनता आवास कार्यक्रमअन्तर्गत एकीकृत बस्ती निर्माण गरिएको थियो ।

एकीकृत बस्ती निर्माण भएर सुरक्षित बसोबासको व्यवस्था भए पनि आफूहरू नागरिकताबाट वञ्चित भएको २५ वर्षीय प्रकाश माझी बताउँछन् । वडा कार्यालय र राजनीतिक दलहरूले आफ्नो समस्याप्रति बेवास्ता गरेको उनको गुनासो छ । माझीले भने, 'विदेश गएर कमाउन पनि नागरिकताका कारण सकिएको छैन ।'

एकीकृत मुसहर बस्तीमा हाल १४ घरमा २८ परिवार बस्दै आएका छन् । एक सय पाँच जनाको बसोबास रहेको सो बस्तीमा ४१ बालबालिका छन् । बालबालिकाको जन्मदर्ता नहुँदा उनीहरू शिक्षाबाट वञ्चित हुनुपरेको छ । खैरहनी-१० का वडाध्यक्ष चन्द्रविक्रम चौधरीले पालिका र प्रशासनसँग समन्वय गरी नागरिकता बनाउने काम अघि बढाउने बताए । 'मुसहर बस्तिका बासिन्दाको जीविकोपार्जनका लागि आत्मनिर्भरका कार्यक्रम ल्याउँदै छौं,' उनले भने ।

प्रमुख जिल्ला अधिकारी आसमान तामाङले वंशज खुल्ने कागजपत्र नभएका कारण नागरिकता नपाएको हुनसक्ने बताए । उनले भने, 'पूर्खाको पालादेखि बसोबास गरेको हकमा हामी नागरिकता दिन सक्छौं ।' वडा कार्यालयबाट सिफारिस आए सहजरूपमा नागरिकता दिन सकिने उनले बताए । *रासस*

# ललितपुर बारको अध्यक्षमा श्रेष्ठ

**काठमाडौं (प्रस)–** ललितपुर बार एसोसिएसनको अध्यक्षमा गणतान्त्रिक, प्रगतिशील, पेशागत कानुन समूहबाट उम्मेदवार राम श्रेष्ठ विजयी भएका छन् ।

विजयी श्रेष्ठले ४१९ मत प्राप्त गरे भने प्रतिस्पर्धी बृहत् प्रगतिशील, पेसागत, लोकतान्त्रिक, समाजवादी र समावेशी समूहबाट अध्यक्षका उम्मेदवार शशीकुमार कार्कीले १७० मत प्राप्त गरेका निर्वाचन समितिका प्रमुख प्रकाश महर्जनले जानकारी दिए । उपाध्यक्षमा गणतान्त्रिक समूहबाटै बालकृष्ण महर्जन, सचिवमा छोनम मोक्तान, सहसचिवमा रीता श्रेष्ठ, कोषाध्यक्षमा रमेशकुमार महर्जन विजयी भए ।

महिला सदस्यमा अष्ठकुमारी महर्जन र सुशीला कार्की खुल्ला निर्वाचित भए । सदस्यमा भूमेराज आलेमगर, इच्छाराम महर्जन, रत्नबहादुर बुढा, रोहितकुमार कार्की, जीवनकुमार बस्नेत, विराज थापा, विपना योगी विजयी भएका छन् ।

कूल ८१२ मतदाता रहेकोमा ६०० मत खसेको थियो । १५ सदस्यीय कार्यसमितिको अवधि दुई वर्षको हुनेछ ।

# विश्वविद्यालयमा रूपान्तरण गर्ने प्रतिबद्धता

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले तिलगंगा आँखा अस्पताललाई विश्वविद्यालयका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

तिलगंगा आँखा केन्द्रका निर्देशक डा. सन्दुक रुइतले प्रधानमन्त्री दाहालसँग भेट गर्ने क्रममा यससम्बन्धी चासो राखेपछि प्रधानमन्त्री दाहालले त्यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् । 'तिलगंगा अस्पताललाई विश्वविद्यालयका रूपमा विकास गर्न अत्यन्तै सकारात्मक छु,' उनले भने, 'यससम्बन्धी आवश्यक नीतिगत सुधारका लागि आवश्यक पहल हुन्छ ।'

भेटका अवसरमा प्रधानमन्त्री दाहालले मानवीय सेवाका लागि डा. रुइतले हालै मात्र बहराइन सरकारद्वारा प्रदान हुँदै आएको 'इसा अवार्ड' प्राप्त गरेकोमा बधाई दिँदै यो सम्मानले नेपालको शिर उच्चो राखेको बताए ।

'यो अवार्डले देशकै सम्मान बढाएको छ । नेपालमा अन्तरर्ाष्ट्रियस्तरका दक्ष जनशक्ति छन् भन्ने सन्देश दिएको छ,' उनले भने, 'मानवीय सेवाका लागि तपाईंको योगदानको कदर देशकै कदर हो ।' प्रधानमन्त्री दाहालले आँखाको उपचारका लागि सरकारका तर्फबाट आवश्यक अन्य सबै सहयोग गर्नेसमेत प्रतिबद्धता व्यक्त गरे । भेटका अवसरमा डा. रुइतले आँखा उपचारको क्षेत्रमा नेपालले नमूना काम गरेको बताउँदै मोतियाबिन्दुको उपचारका लागि नेपालमा नै औषधि उत्पादन गर्न सकिने सम्भावनाबारे जानकारी गराएका थिए ।


## बोलपत्रद्वारा गोलिया काठ/ दाउरा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकासित मिति : २०७९/१०/८**

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रमा सिक्टा नहर निर्माणको क्रममा छपान भएका रुखहरु कटान मुछान भइ उत्पादित काठ दाउरा मध्ये समूहमा आन्तरिक खपत भइ बाँकी रहेका गोलिया काठ तथा दाउरालाई डिभिजन वन कार्यालयको च.नं.१४७३ मिति २०७९/९/२० गतेको ब्यापारिक प्रयोजनको लागि बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल, कर्मा, अस्ना, खयर, लगायतका गोलिया थान ३३ को ७०.९३ घ.फी. काठ तथा साल जातको दाउरा चट्टा १.०० र अन्य जातको दाउरा ३.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका काठ दाउरामा आधारित इच्छुक उद्योगले मात्र यो सूचना पहिलो पटक प्रकासित भएको मितिले १५ औं दिन भित्र बोलपत्र खरीद गरी १६ औं दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ ।बिस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको ब्यहोरा सम्बन्धित सवैलाई अनुरोध छ ।

**श्री खप्तडबाबा सामुदायिक वन उपभोक्ता समूह,**
**राप्ती सोनारी गा.पा. वडा नं. ७, बाँके**

## बोलपत्रद्वारा गोलिया काठ/ दाउरा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकासित मिति : २०७९/१०/८**

यस सामुदायिक वन उपभोक्ता समुहको स्वीकृत वन ब्यबस्थापन कार्ययोजना अनुसार डि.व.का. बाँकेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा मध्ये समूहमा आन्तरिक खपत भइ बाँकी रहेका गोलिया काठ तथा दाउरालाई डिभिजन वन कार्यालयको च.नं.१४४७ मिति २०७९/९/१८ गतेको ब्यापारिक प्रयोजनको लागि बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल र धौटी लगायतका गोलिया थान २१ को २०३.२२ घ.फी. काठ तथा साल मिश्रित दाउरा चट्टा २.०० लाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका काठ दाउरामा आधारित इच्छुक उद्योगले मात्र यो सूचना पहिलो पटक प्रकासित भएको मितिले २१ औं दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । बिस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको ब्यहोरा सम्बन्धित सवैलाई अनुरोध छ ।

**श्री पशुपतिनाथ सामुदायिक वन उपभोक्ता समूह,**
**डुडुवा गा.पा. वडा नं. ५, बाँके**

## Thabang Rural Municipality
## Office of the Rural Municipal Executive
## Thabang, Rolpa

## Invitation for Bids

**First Date of publication: 27-12- 2022 ( 2079/09/12 )**
**Second Date Of Publication :22-01-2023 ( 2079/10/08 )**

**Notice No :- 45**

1. *Thabang Rural Municipality* invites Sealed Qoatation from Registered Nepalese eligible bidders for the following work.

| S.N. | Contract No. | Description and location of work | Estimated Amount (Excluding VAT , Contingencies & O/M Cost ) NRs | Bid Security Amount NRS | Price of Bid Document. NRs |
|---|---|---|---|---|---|
| 1. | TRM-ROLPA /W/SQ/ 14/2079/080 | Construction of Salap Jaljala New Road Cutting, Thabang 01, Rolpa | 1661541.82 | 50,000 | 1,000 |

2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp. for further information.
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Global IME Bank Ltd, Thabang
   Name of Office: Thabang Rural Municipality, Thabang, Rolpa
   Rajaswa Account no.: U604010000009
4. Sealed or electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on before *12.00* on 06/02/ 2023. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at *13:00 hour on 06/02/2023* at the office of *Thabang Rural Municipality Thabang Rolpa*.
6. Bids must be valid for a period of *45 days* and must be accompanied by a scanned copy of the bid security in .pdf format for e-bid, which shall be valid for 75 days from the final bid submission date. If bidder wishes to submit the bid security in the form of cash the cash should be deposited in the bank account with the following information.
   Name of the Bank: Global IME Bank Ltd, Thabang
   Name of Office: Thabang Rural Municipality, Thabang,
   Deposit Account no.: U604010000003
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the valid period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject , wholly or partly any or all the bids without assigning any reason. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and prevailing regulations.

**Chief Administrative Officer**
**Thabang Rural Municipality**

# प्रभाव दैनिक

आइतबार, ८ माघ २०७९ (Sunday, January 22, 2023)


रूपशाला

## आदिवासी जनजाति चलचित्र विशेष सम्मान

वरिष्ठ क्याप्टेन तथा कलाकार विजय लामा, सफल चलचित्र निर्देशकको मिलन चाम्स, समाजसेवी तथा गायक पूर्ण लिम्बु र मोडल तथा अभिनेत्री एलिशा राईलाई 'आदिवासी जनजाति चलचित्र विशेष सम्मान–२०७९'बाट सम्मानित भएका छन् । सम्मानित हुनेहरूले समाजमा गरेको समाजसेवा, चलचित्र र सङ्गीत उद्योगमा पुर्‍याएको अतुलनीय योगदानको उच्च मूल्यांकनसहित उक्त सम्मान प्रदान गरिएको हो । बिहीबार सुनसरीको झुम्कामा अवस्थित म्याजिक सिनेमा हलमा आदिवासी जनजाति चलचित्र महासंघ, प्रदेश १ ले एक औपचारिक कार्यक्रमको आयोजना गर्दै उनीहरूलाई सम्मान गरेको थियो ।



# रंग पत्रकार गिरीलाई 'नातिकाजी राष्ट्रिय कला पत्रकारिता पुरस्कार'



■ प्रभाव संवाददाता

**काठमाडौँ–** रंग पत्रकार कुबेर गिरी 'नातिकाजी राष्ट्रिय कला पत्रकारिता पुरस्कार-२०७८'बाट सम्मानित भएका छन् । राष्ट्रपतिको कार्यालय महाराजगञ्जमा शुक्रबार आयोजित ' नातिकाजी राष्ट्रिय संगीत सम्मान तथा पुरस्कार वितरण समारोह-२०७८'मा राष्ट्रपति विद्यादेवी भण्डारीले गिरीलाई उक्त पुरस्कार प्रदान गरिन् । कार्यक्रममा पत्रकार डब्बु क्षेत्रीले पनि 'नातिकाजी राष्ट्रिय कला पत्रकारिता पुरस्कार' प्राप्त गरेका थिए ।

कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालका विविध जाति र उनीहरुको भाषा, संस्कृति, गीत, संगीतको एकता नै नेपाली संगीतको राष्ट्रिय स्वरुप भएको बताइन् । नेपाली समाजको विविधतालाई यिनै लोकसंस्कृति, गीत र संगीतले एकढिक्का बनाउन सघाएको उनको धारणा रहेको थियो ।

'नेपालको भौगोलिक विविधताको प्रतिनिधित्व स्वरुप बसोबास गर्ने जातिका आफ्नै मौलिक भाषा, संस्कृति, गीत र संगीत रहेको छ' उनले भनिन् 'नेपाली मौलिक गीत संगीतको जगपुस्ताका रुपमा संगीत महर्षि नातिकाजी श्रेष्ठ अग्रणी रहनुभएको छ ।'

कार्यक्रममा राष्ट्रपति भण्डारीले नेपाली गीत संगीतको क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउनुहुने स्रष्टा सर्जकहरुलाई सम्मान तथा पुरस्कार समेत प्रदान गरेकी थिइन् । सो अवसरमा मनबहादुर मुखिया, दीप तुलाधर, दीपा नारायण झा, प्रदीपराज पाण्डे, फणिन्द्र राई, विके राना, कन्हैया सिंह परियार, शुभ मुकारुङ र अमर बान्तुलाई 'नातिकाजी राष्ट्रिय विशिष्ट संगीत सम्मान-२०७८' प्रदान गरिएको थियो ।

यस्तै, एकनारायण भण्डारी, कालीप्रसाद बासकोटा, राज सिग्देल र माण्डवी त्रिपाठीलाई 'नातिकाजी राष्ट्रिय संगीत पुरस्कार-२०७८' प्रदान गरियो ।

यसैगरी, देवेन गिरी, दीपक शर्मा, कृष्ण काफ्ले र अस्मिता अधिकारीलाई 'नातिकाजी राष्ट्रिय प्रतिभा पुरस्कार-२०७८' प्रदान गरिएको कार्यक्रममा संगीत गुरु चन्दनकुमार श्रेष्ठलाई 'नातिकाजी राष्ट्रिय शास्त्रीय संगीत पुरस्कार-२०७८', लोक गायिका देवी घर्तीलाई ' नातिकाजी राष्ट्रिय लोक संगीत पुरस्कार' र रविन कार्कीढलीलाई 'नातिकाजी राष्ट्रिय संगीत संयोजक तथा वाद्य पुरस्कार' दिइयो । कार्यक्रममा नातिकाजी स्मृति समाजका अध्यक्ष शम्भूजीत बासकोटाले नेपाली संगीतको मौलिक सिर्जनाका क्षेत्रमा नातिकाजीको अतुलनीय योगदानको रहेको चर्चा गरे ।

## बोर्डलाई मन्त्रालयको निर्देशन

**काठमाडौं (प्रस)–** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले स्वदेशी एवं विदेशी चलचित्रको अग्रिम बुकिङमा देखिएको समस्यालाई समाधान गर्न बक्सअफिस शाखालाई निर्देशन दिएको छ । चलचित्र विकास बोर्डले जाँच (सेन्सर) का लागि लगाएको नियमका कारण फिल्मको अग्रिम बुकिङमा समस्या देखिएपछि मन्त्रालयले बक्सअफिस शाखालाई फिल्म जाँचपासमा ढिलाइ नगर्न निर्देशन दिएको हो ।

मन्त्रालयले बक्सअफिस शाखालाई फिल्मको जाँचपासमा ढिला हुने भएमा शर्त पालना गर्ने प्रतिबद्धता सहित अग्रिम बुकिङका लागि मुभी कोड उपलब्ध गराउनसमेत निर्देशन दिएको छ । अब हल सञ्चालकले सेन्सर अगावै मुभी कोड लिएर बुकिङ खुल्ला गर्न पाउनेछन् । सेन्सर ढिला हुँदा बुकिङ खोल्न समस्या भइरहेकाले सोको न्यूनीकरणका लागि सरकारसँग माग गरिएकामा सोको सुनुवाइ भएको नेपाल चलचित्र सङ्घका पूर्व अध्यक्ष प्रदीपकुमार उदयले बताए ।

पूर्वअध्यक्ष उदयसहित सङ्घका पदाधिकारीको टोलीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पुगी समस्याका बारेमा जानकारी गराएका थिए । गत ११ पुसमा बसेको बोर्डको बैठकले चलचित्रको सार्वजनिक प्रदर्शन हुने मितिभन्दा कम्तीमा सात दिन अगावै दरखास्त पेस गर्नुपर्ने नियमलाई परिमार्जित गर्दै चार दिन अगावै दरखास्त पेस गर्नुपर्ने निर्णय गरेको थियो। चलचित्र सङ्घले भने आफ्ना मागसहित राष्ट्रिय भेला गर्दै आन्दोलनको घोषणा गरेको थियो । बोर्डसँग संघले वार्ता नगर्ने भएपछि मन्त्रालयमा नै छलफल भएको थियो ।

# मिस लिम्बूको आवेदन खुला




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'सम्मान मिस लिम्बू'को छैटौं संस्करणका लागि आवेदन खुला भएको छ । आयोजक संस्था याक्थुङ युथ एशोसिएसनले शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गरी सो जानकारी गराएको हो ।

'बौद्धिक विकास, सौन्दर्य पहिचान र संस्कृति' भन्ने मूल नारासहित काठमाडौंमा हुने 'सम्मान मिस लिम्बू-२०७९'का लागि नेपालसहित भारतको सिक्किम, दार्जिलिङ, युके र हङकङमा पनि अडिसन हुने आयोजकले जनाएको छ ।

लिम्बू समुदायको बसोबास रहेको स्थानलाई मध्येनजर गर्दै हङकङ, युके र भारतको सिक्किम र दार्जिलिङमा पनि अडिसन लिने भएको आयोजक संस्थाका अध्यक्ष एवं गायक भिम लिम्बूले जानकारी दिए । उनका अनुसार नेपालको काठमाडौंमा फागुन ६ गते र धरानमा माघ २८ गते अडिसन हुने भएको छ । तर, सिक्किम, दार्जिलिङ, युके र हङकङमा भने आवेदन दिनेको संख्या हेरेर अडिसनको मिति तय गरिने आयोजकले जनाएको छ । ती सबै स्थानबाट प्रतियोगितामा ३० जना युवतीलाई फाइलनका लागि छनोट गरिने आयोजकले जनाएको छ ।

'मिस लिम्बू'मा पाटिसिपेन्ट हुनका लागि आयोजकले केही निश्चित मापदण्ड तोकेको छ । कार्यक्रमका संसोजक तथा गायक रुकमान लिम्बूका अनुसार प्रतियोगितामा भाग लिनका लागि न्यूनतम एसईई उत्तिर्ण १७ देखि २६ वर्ष नकटेका लिम्बू समुदायका अविवाहित हुनुपर्ने छ ।

आयोजकले जानकारी गराएअनुसार 'मिस लिम्बू'को यस छैटौं संस्करणलाई पूर्वमिस नेपाल तथा कोरियोग्राफर सदिक्षा श्रेष्ठले कोरियोग्राफी गर्ने भएका छन् । साथै, उनीहरुलाई पूर्वमिस नेपाल माल्भिका सुब्बा, सुविन लिम्बू, भाषाविद् यासेली योङहाङ डिबी आङबुङलगायतले व्यक्तित्व विकासबारे ग्रुमिङ कक्षा दिनेछन् । यस्तै, प्रतियोगितामा विभिन्न १६ वटा सवटाइटल रहने संयोजक रुकमान लिम्बूले बताए । उनका अनुसार शीर्ष विजेताले नगद ५० हजारसहित स्कुटी पाउनेछन् भने हङकङ भ्रमणको समेत अवसर दिइनेछ ।

यस्तै फस्ट रनरअपले एक लाख र सेकेण्ड रनरअफ विजेताले ५० हजार रुपैयाँ नगद प्राप्त गर्ने आयोजकले जनाएको छ । यस्तै, 'मिस लिम्बू'को शीर्ष विजेताले मिस नेपाल आयोजक संस्था हिडेन ट्रेजरको मापदण्ड पूरा गरेको खण्डमा आगामी मिस नेपालमा सिधै प्रवेशको अवसर दिइने पनि आयोजकले जनाएको छ ।

आयोजक संस्थाका अध्यक्ष भिम लिम्बूको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलनमा पूर्वमिस नेपाल सदिक्षा श्रेष्ठ, समाजसेवी याङ्जोम शेर्पा, तेह्रथुमे ढाका कलेक्शनकी सञ्चालक तथा फेसन डिजाइनर निरु आङबुङ, पूर्वमिस लिम्बूहरुलगायतको उपस्थिति थियो । प्रतियोगिताका ग्राण्ड फिनाले कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको प्रेक्षालयमा चैत ११ गते हुने आयोजकले जनाएको छ ।

## रंगशाला

# महिला राष्ट्रिय टी-२० क्रिकेटको उपाधि सुदूरपश्चिमलाई




■ प्रभाव संवाददाता

**सुनसरी–** प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको उपाधि सुदूरपश्चिम प्रदेशले जितेको छ । सुनसरीको इटहरी उपमहानगरपालिकास्थित जनता माविको खेलमैदानमा सम्पन्न फाइनल खेलमा घरेलु टोली प्रदेश नं १ लाई छ विकेटले पराजित गर्दै सुदूरपश्चिम विजयी भएको हो ।

प्रदेश नं १ ले दिएको एक सय दुई रनको लक्ष्य पाएको सुदूरपश्चिमले एक बल बाँकी छँदा लक्ष्य पूरा गरेको थियो ।

सुदूरपश्चिमको जितका लागि अन्तिम ओभरमा आठ रन आवश्यक आवश्यक थियो । जसमा ओभरको दोस्रो बलमा कविता कुँवरले छक्का प्रहार गरी टीमलाई विजयी बनाइन् ।

खेलको सुरुआतमा राम्रो प्रदर्शन नसकेको सुदूरपश्चिमको खेल मध्यक्रमका ब्याटर सम्झना खड्का र डली भट्टले सम्हालेका थिए । सम्झनाले ३३ बलमा दुई चौकासहित अविजित २७ रन बनाउँदा डलीले १६ बलमा एक चौका र दुई छक्कासहित २२ रनको योगदान दिएकी थिइन् । कविता १९ रनमा अविजित भइन् । बलिङतर्फ सवनम राई, हिरनमई रोय, रुविना क्षेत्री र सङ्गीता राईले १-१ विकेट लिएका थिए ।

टस जितेर पहिले ब्याटिङ गरेको प्रदेश नं १ ले २० ओभरमा पाँच विकेटको क्षतिमा एक सय एक रन बनाएको थियो । प्रदेश नं १ का लागि ओपनर काजल श्रेष्ठ र कप्तान रुविनाले ३६ रनको सुरुआती साझेदारी गरेका थिए ।

रुविना १४ रन बनाएर आउट भएपछि अप्सरी बेगम र जलले दोस्रो विकेटका लागि ३९ रनको साझेदारी गरेका थिए । अप्सरी १५ रन बनाएर आउट भएकी थिइन् ।

विजयी भएको सुदूरपश्चिमले नगद रु पाँच लाख, ट्रफी, मेडल र प्रमाणपत्र पाएको छ भने उपविजेता बुझाएको प्रदेश नं १ ले रु तीन लाख, ट्रफी, मेडल र प्रमाणपत्र पाएको छ ।

# पोखरामा 'बिटी कप' फुटबल हुने

■ प्रभाव संवाददाता




**पोखरा–** बुद्धटोल युवा क्लबले माघको तेस्रो साता १६ औं बिटी कप छैटौं विरेन स्मृति सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ । पोखरा महानगरपालिका १ पुरानो टुडिखेल मैदानमा आगामी २२ गते देखि फागुन २ गतेसम्म प्रतियोगिता सञ्चालन गर्ने शनिबार आयोजित पत्रकार सम्मेलन मार्फत जानकारी दिइएको हो ।

क्लबका अध्यक्ष असिम थापाले फुटबलको विकास गर्ने उद्देश्यसहित विगत लामो समयदेखि प्रतियोगिता सञ्चालन गर्दै आएको बताए । उनले क्लबका सल्लाहकार स्वर्गीय विरेन गुरुङको स्मृतिमा विगतमा चैत्रमा प्रतियोगिता आयोजना गरिदै आएको बताउदै यसपटक स्व. गुरुङको जन्मदिनको दिनदेखि सुरु गरिने जानकारी दिए ।

'हाम्रो क्लबको सल्लाहकार हुनुहुन्थ्यो स्वर्गीय विरेन दाई, प्रतियोगिता उहाँको स्मृतिमा चैतमा आयोजना गर्दै आएका थियौ, अध्यक्ष थापाले भने, 'चैत्रमा हावाहुरी र पानी पर्ने भएकाले दाईकै जन्मदिन पारेर प्रतियोगिता माघमा सारेका छौं ।'

उनले सो प्रतियोगिताको विजेतालाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ६१ हजार १ सय ५१ रुपैया प्रदान गरिने जानकारी दिए । उनका अनुसार उपविजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख १ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्नेछन् ।

यस्तै प्रतियोगिताको सर्बोत्कृष्ट खेलाडीलाई ट्रफि सहित ८ हजारद्वारा पुरस्कृत गरिनेछ । अध्यक्ष थापाले उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई जनही ६/६ हजार रुपैयाँ र ट्रफि प्रदान गरिने बताए । यस्तै अनुशासित एक टिमलाई ९ हजार र ट्रफि प्रदान गरिने छ ।सो प्रतियोगितामा करिब ४० टिमको सहभागिता रहने र प्रतियोगिता सञ्चालनका लागि करिब २३ लाख खर्च हुने आयोजकले जनाएको छ ।

# आरसिटी बुद्धिचालको उपाधि रुपेशलाई

**काठमाडौं (प्रस)–** अन्नपूर्ण क्लब (आरसिटी) को ९० औं बार्षिकोत्सवको उपलक्ष्यमा आयोजना भएको अन्नपूर्ण क्लब (आरसिटी) खुल्ला फिडे रेटिङ बुद्धिचाल प्रतियोगिताको उपाधि फिडे मास्टर रुपेश जैसवालले हात पारेका छन् ।


शनिबार आठौं चरणको खेलमा फिडे मास्टर क्षितिज भण्डारी र नवौं चरणको खेलमा नेपाल च्याम्पियनसंग बराबरी खेलेका थिए । उनले प्रतियोगितामा सात जित र दुई बराबरी खेल्दै ८ अंक सहित उपाधि हात पारेका हुन् । उपाधिसँगै उनले ३० हजार नगद हात पारे ।

नेपाल च्याम्पियन पुरुषोत्तम चौलागाईं दोस्रो स्थानमा रहे। चौथो चरणको खेलमा पराजित भएका पुरुषोतम बाकी खेलमा राम्रो नतिजा आत्मसात गरि ७ खेलमा सफलता हात पारे भने अन्तिम चरणमा रुपेशसंग बराबरी खेले। उनले आठौं चरणको खेलमा ललितपुर रका सरोज महर्जनलाई पराजित गरे। उनले नगद २० हजार पाए। उनको साढे ७ अंक रहेको छ ।

फिडे मास्टर क्षितिज भण्डारी ७ अंक सहित तेस्रो स्थानमा रहेर १० हजार हात पारे। उनले दुवै खेल बराबरी खेलेका थिए। त्यस्तै काठमाडौंका सुमन लामा चौथो , ललितपुरका सरोज महर्जन र सजिन महर्जन पाँचौ र छैटौं स्थानमा रहि क्रमशः ७ हजार ५ हजार र ४ हजार हात पारे। उत्कृष्ट दश भित्र काठमाडौंपबब सुदिप तामाङ, पूर्व नेपाल च्याम्पियन सुरवीर लामा, तेह्रथुमका हरी सुब्बा र दोलखाका राजिव कार्की रहेका छन् ।

महिलातर्फ काठमाडौंकी विनिता कपाली पहिलो र सिन्दीरा जोशी दोस्रो स्थानमा रहिन् । दुवैको समान ६ अंक नै भए पनि प्रोग्रेसिभ टाई ब्रेकको आधारमा विनिताले सिन्दिरालाई पछि पारेका हुन। झापाकी पुनम प्रसाईं तेस्रो स्थानमा रहिन् ।

भेट्रानतर्फ भक्तपुरका गणेशमान दुवाल, काठमाडौका जनार्दन श्रेष्ठ र पुण्यमान कर्माचार्य पहिलो, दोस्रो र तेस्रो भए भने यु १६ र सुप्रभ सागर श्रेष्ठ १४ तर्फ पुरुषोत्तम सिलवाल र उत्कृष्ट ठहरिए। छात्रतर्फ तिलिङटार माविका पूर्णिमा गुरुङ प्रथम स्थानमा रहिन् । समापन समारोह प्रदेशसभा सांसद हरीप्रभा श्रेष्ठ खड्गीले बिजेता खेलाडीहरुलाई नगद पुरस्कार तथा ट्रफी प्रदान गरे। अन्नपूर्ण ( आर सिटी) क्लबको आयोजनामा भएको चार दिने प्रतियोगितामा ४० जिल्लाका १३८ जना खेलाडीहरुको सहभागीता रहेको थियो ।



**चिनियाँ नयाँ वर्ष** | संयुक्त राज्य अमेरिकाको न्युयोर्कस्थित वान वर्ल्ड ट्रेड सेन्टरमा चिनियाँ लुनार नयाँ वर्षको प्रतीकहरू देखाउँदै । *तस्बिरः सिन्ह्वा*

# एयर इण्डियालाई ४० लाख जरिवाना

**नयाँदिल्ली–** भारतको नागरिक उड्डयन प्राधिकरणले मदिराले मातेका एकजना यात्रीले ७२ वर्षीया महिलामाथि मध्य आकाशमा पिसाब फेरेको घटनालाई लिएर एयर इण्डियालाई करिब ४० लाख रुपैयाँ जरिवाना गराएको छ ।

गत नोभम्बर २६ मा न्युयोर्कबाट एयर इण्डियाको विमानमा नयाँदिल्ली आउँदा अमेरिकी बैंकर भारतीय नागरिक शंकर मिश्राले महिलामाथि गरेको दुर्व्यवहारविरुद्ध एयर इण्डियाले कारबाही नगरेकाले नागरिक उड्डयन प्राधिकरणले उक्त जरिवाना गरएको हो ।

नयाँदिल्ली विमानस्थलमा सामान्य यात्रुलाईझैँ अभियुक्त मिश्रालाई विनाकारबाही प्रस्थान गर्न दिइएकामा आपत्ति जनाउँदै एयर इण्डियाका उड्डयन प्रबन्धकलाई भारु तीन लाख बेग्लै जरिवाना गराइएको छ ।


त्यसैगरी उक्त विमानका एकजना चालकलाई तीन महिनासम्म उडानमा प्रतिबन्ध लगाइएको छ । मिश्राबाट भएको उक्त निन्दनीय कार्यको भारतका साथै विश्वव्यापीरुपमा चर्को आलोचना भएको थियो । *रासस/एएफपी*

# सिट बेल्ट नलगाउँदा बेलायती प्रधानमन्त्रीलाई जरिवाना

**लन्डन–** बेलायती प्रहरीले शुक्रबार प्रधानमन्त्री ऋषि सुनकलाई गुडिरहेको कारमा सिट बेल्ट नलगाएकामा जरिवाना गरेको छ ।

ट्राफिक नियमको उल्लंघन गरेको भन्दै प्रधानमन्त्री सुनकको नाम नलिई लन्काशायर प्रहरीले लन्डनका ४२ वर्षीय पुरुषलाई जरिवाना गरेको बताएको छ ।

'लंकशायरमा गुडिरहेको कारमा यात्रुले सिट बेल्ट नलगाएका लन्डनका ४२ वर्षीय व्यक्तिलाई जरिवाना गरेका छौं,' लेन्काशायर प्रहरीले ट्वीट गरेको छ । उक्त जरिवाना सूचनाअनुसार कारबाहीमा परेका व्यक्तिले २८



दिनभित्र सम्बन्धित निकायमा सो जरिवाना तिरिसक्नुपर्नेछ ।

प्रधामन्त्री सुनकलाई ५० पाउण्ड (६२ अमेरिकी डलर) जरिवाना गरिएको बताइएको छ । सामान्यतया सिट बेल्ट नलगाएका यात्रुलाई १०० पाउन्डसम्म जरिवाना गर्न सकिने कानुन छ । यदि सो सम्बन्धित मुद्दा अदालतसम्म पुगेमा त्यो जरिवाना बढेर बढेर ५०० पाउन्डसम्म पुग्न सक्छ ।

जरिवानाको घोषणालगत्तै प्रधानमन्त्रीको कार्यालयले विज्ञप्ति जारी गर्दै भनेको छ, ' प्रधानमन्त्रीले यो गल्तीलाई पूर्णरूपमा स्वीकार गरेको र माफीसमेत माग्नुभएको छ र आगामी दिनमा नियम पूर्णरूपमा पालना गर्नुहुनेछ ।' *रासस/एएनआई*

# चार वर्षमा ४२ पत्रकार मारिए

**इस्लामाबाद–** गत चार वर्षमा पाकिस्तानमा ४२ पत्रकार मारिएका छन् । पाकिस्तानका संसदीय मामिलामन्त्री मुर्तजा जावेद अब्बासीले शुक्रबार सिनेटलाई त्यसबारे जानकारी गराएका हुन् । सूचना मन्त्रालयको तथ्यांकअनुसार ती पत्रकारमा १५ जना पञ्जाबका, ११ जना सिन्ध, १३ जना खैबर पख्तुनख्वा र तीन जना बलुचिस्तानका थिए ।

पत्रकारलाई या त आतंककारीले गोली हानेर मारे या अन्य कतैबाट मारिए यकिन भने छैन । तथ्यांकअनुसार यस्ता घटनामा पञ्जाबमा सात संदिग्ध पक्राउ परेका थिए । जसमध्ये दुई हाल जमानतमा छन् । पक्राउ परेका अन्य सातमध्ये पाँचजनाविरुद्ध मुद्दा चलिरहेको छ भने आठजना फरार छन् । एक जना अभियुक्तलाई भने अदालतले रिहा गरेको छ । सिन्धमा चार संदिग्ध पक्राउ परेका छन् भने सात जनामाथि मुद्दा चलिरहेको छ ।

यसैगरी केपीका दुई अभियुक्तले सफाइ पाएका छन् । चारजना मुद्दा




चलिरहेका छन् र एकजना फरार छन् । बलुचिस्तानमा दुई संदिग्ध फरार छन् । एकजना मुद्दाको सामना गर्दै छन् भने अर्को एक संदिग्धलाई सजाय दिइएको छ । केही अनुसन्धानको प्रक्रियामा छन् ।

सिनेटमा बोल्दै जमात-ए-इस्लामी पार्टीका मुश्ताक अहमदले संघीय र प्रान्तीय सरकार पत्रकारको सुरक्षा गर्न असफल भएको बताएका छन् ।

मन्त्री अब्बासीले अहमदलाई जवाफ दिँदै यो 'गम्भीर अवस्था' हो र सरकारले अपराधीविरुद्ध छिटो कारबाही गर्नुपर्छ र पत्रकारलाई विशेष सुरक्षा प्रदान गर्नुपर्छ भनेका छन् ।

उनले पाकिस्तानको आन्तरिक र सूचना मन्त्रालयलाई यस विषयमा एकीकृत प्रतिवेदन तयार गरी दुई महिनाभित्र सदनमा पेस गर्न निर्देशन दिएका छन् ।

यसैबीच बलुचिस्तान अवामी पार्टीका सिनेटर दानेश कुमारले दस्तावेजमा देखाइएको तीनको सट्टा प्रान्तमा १० भन्दा बढी पत्रकारको हत्या भएको बताएको डन अखबारले उल्लेख गरेको छ । जवाफमा संसदीय मामिलामन्त्रीले सम्बन्धित सबै पक्षसँग छलफल गरेर प्रतिवेदन तयार पारेको र कसैले गलत तथ्यांक दिएको भए यो अत्यन्त संवेदनशील विषय भएकाले जवाफदेही हुनुपर्नेसमेत उल्लेख गरेका छन् ।

पछिल्लो समय देशमा लैंगिक हिंसाका घटना बढेको, विशेषगरी महिला उत्पीडन र दुर्व्यवहारको चपेटामा परेका छन् । पाकिस्तानमा कडा पितृसत्तात्मक सामाजिक मान्यताका कारण महिला पत्रकार हिंसा र धम्कीको अझ बढी जोखिममा छन् । *रासस/एएनआई*

# तिब्बतमा हिमपहिरोः २८ जनाको मृत्यु



**ल्हासा–** चीनको दक्षिणपश्चिम तिब्बत स्वायत्त क्षेत्रको निङ्ची सहरमा गएको हिमपहिरोमा परी २८ जनाको मृत्यु भएको छ । खोज तथा उद्धारकार्य शुक्रबार साँझ सम्पन्न भएको थियो ।

उक्त हिमपहिरो मंगलबार साँझ ७:५० मा गएको थियो । हिमपहिरोपछि काउन्टीलाई न्इंचीको प्याड टाउनसिपसँग जोड्ने सुरुङबाट बाहिर निस्कने राजमार्ग अवरुद्ध भएको थियो भने यात्रु तथा सवारी साधन बाटोमै फसेका थिए ।

यस क्षेत्रका सडक कच्ची रहेको तथा भू-धरातलसमेत उबडखाबड रहेकाले उद्धारमा कठिनाइ भएको बताइएको थियो । *रासस/सिन्ह्वा*

# आममाफीको उपयोग गर्दै अस्ट्रेलियालीले साढे १७ हजार बन्दुक बुझाए

**क्यानबेरा–** अस्ट्रेलियाको संघीय सरकारले दर्ता नगरिएका वा गैरकानुनीरूपमा हासिल गरिएका हतियार सरकारलाई बुझाएमा कारबाही नगर्ने घोषणा गरेपछि १७ हजार ५४३ थान हतियार राज्य सरकारलाई प्राप्त भएको छ ।

संघीय सरकारले शनिबार आममाफी कार्यक्रममा पहिलो वार्षिक प्रतिवेदन जारी गर्दै ती हतियार नागरिकले सरकारलाई बुझाएका बताएको हो । नरसंहारका घटना रोक्ने तथा नागरिक सुरक्षालाई सुदृढ तुल्याउने उद्देश्यले सन् २०२१ को मध्यमा आममाफीको घोषणा गरिएको थियो । बितेका एक वर्षमा ती हतियार सरकारलाई बुझाइएको



प्रतिवेदनमा जनाइएको छ ।

आपराधिक गुप्तचर आयोगका अनुसार अस्ट्रेलियामा करिब दुई लाख ६० हजार अवैध हतियार छन् । जुलाई २०२१ देखि जुन २०२२ सम्म हस्तान्तरण गरिएका हतियारमध्ये आठ हजार १४० थान राइफल, दुई हजार ८९६ थान बन्दुक र ७८९ थान पेस्तोल छन् ।

यसैबीच, अस्ट्रेलियाका महान्यायाधिवक्ता मार्क ड्रेफसले समुदायमा फैलिने हतियार त्रास घटाउन तथा आफ्ना नागरिकलाई सुरक्षित राख्न हतियार हस्तान्तरणको योजना प्रभावकारी भएको बताएका छन् । *रासस/सिन्ह्वा*

# जाम्बियाको राजधानीमा ३३ अवैध आप्रवासी पक्राउ

**लुसाका–** जाम्बियाका सुरक्षा निकायले शुक्रबार राजधानी लुसाकामा इथियोपियाली भएको आशंकामा ३३ गैरकानुनी आप्रवासीलाई पक्राउ गरेको बताएको छ ।

प्रहरी उपप्रवक्ता डचानी म्वालेले शुक्रबार बिहान तीव्रगतिमा हुँइकिएका तीनवटा मिनिबसले सुरक्षा चौकी अगाडि नरोकी अगाडि बढ्न खोजेपछि खोजतलास गर्दा अवैध आप्रवासी पक्राउ परेको बताएका छन् ।

मिनीबसमा रहेका २० मध्ये १३ जना आप्रवासी पक्राउ परेका छन् अन्य सात जना भागेका छन् । प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानले आप्रवासी मलावियाको सिमाना हुँदै जाम्बिया प्रवेश गरेको देखाएको छ ।

जाम्बियाले हालैका महिनामा दक्षिणी अफ्रिकी क्षेत्रका अन्य देशमा प्रवेश बिन्दुको रूपमा देश प्रयोग हुँदै गरेको र अवैध आप्रवासीको संख्यामा वृद्धि भएको जनाएको छ ।

गत महिना २७ जना अवैध आप्रवासीको शव लुसाकाको बाहिरी इलाकामा फयाँकिएको अवस्थामा भेटिएको थियो । उनीहरू ट्रकमा निसास्सिएर मृत्यु भएको हुनसक्ने अनुमान गरिएको छ । *रासस/सिन्ह्वा*

# जम्मु विष्फोटमा ६ जना घाइते

**जम्मु–** जम्मुको नरवाल क्षेत्रमा भएका छुट्टाछुट्टै दुईवटा विष्फोटमा छ जना घाइते भएका छन् । स्थानीय अधिकारिले सो घटनाबारे संक्षिप्त जानकारी दिएका छन् ।

एडिजिपी जम्मु जोन मुकेश सिंहका अनुसार 'जम्मुको नरवाल क्षेत्रमा दुई ठाउँमा विष्फोट भएको छ जसमा छ जना घाइते भएका छन् । *रासस/एएनआई*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेसनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १०५२०० | प्रति तोला - १०४७०० | प्रति तोला - १४०० |

## 'पोल्ट्री उद्योगलाई सबल र आत्मनिर्भर बनाउन जरुरी'



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गरिबीको दर घटाउँदै प्रोटिनलगायत पोषणका स्रोतमाथि सबैको पहुँच स्थापित गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। काठमाडौंमा आयोजित 'राइट टू प्रोटिन रन' हाफ म्याराथन पुरस्कार वितरण समारोहमा उनले सरकारको निरन्तर प्रयासका बाबजुद नेपालमा अझै पनि आम समुदायमा पोषणको स्रोतमा पहुँच पुग्न नसकेको उल्लेख गरे।

प्रधानमन्त्री दाहालले प्रोटिन नपुग्दा पुड्कोपनाको समस्या तथा उमेर र उचाइअनुसार हुनुपर्ने तौल नपुगिरहेको अवस्था रहेको बताए। उनले भने, 'तथ्याङ्कअनुसार सन् २०१९ मा ३२ प्रतिशत पाँच वर्ष मुनिका बालबालिकाले उमेर अनुसारको उचाइ प्राप्त गर्न सकेनन्। उमेरअनुसार जति प्रोटिनको आवश्यकता हुन्छ, सोअनुसारको उपलब्धता हुन नसक्दा यस्ता समस्या हामीले भोगिरहेको तथ्य जगजाहेर नै छ। पुड्कोपना र कुपोषणको समस्याबाट विशेषगरी गरिबीको रेखामुनि रहेका समुदाय बढी पीडित रहेको पाइन्छ।'

पहिलो एक हजार दिनमा बालबालिकालाई उपलब्ध हने पोषणले उनीहरुको समग्र स्वास्थ्यमा नै असर पार्ने तथ्यबारे नेपाल सरकार जानकार रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले गर्भवती र नवजात शिशुलाई लक्षित गरी स्वास्थ्य प्रवर्द्धनका विभिन्न कार्यक्रम सरकारले सञ्चालन गरिरहेको जानकारी दिए। उनले पोल्ट्री उद्योगले अण्डा र मासुमार्फत प्रोटिनको आपूर्तिमा योगदान पुऱ्याएकामा र मासुमा आत्मनिर्भर बनाउन सहयोग गरेकामा पोल्ट्री उद्योगका उद्यमी र कृषकलाई धन्यवाद दिए।

आत्मनिर्भरउन्मुख यस उद्योगले बर्ड फ्लूलगायत रोग, कच्चापदार्थको मूल्य, औषधिलगायत समस्या भोगिरहेका बारे सरकार जानकार रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले यी समस्या समाधान गरी नेपालको अर्थतन्त्र र गरीबी निवारणमा महत्वपूर्ण योगदान पुऱ्याएको पोल्ट्री उद्योगलाई थप सबल र आत्मनिर्भर बनाउन सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरे। नेपालका सम्पूर्ण पशु चिकित्सकको छाता सङ्गठन नेपाल भेटेरिनरी एसोसिएसनले नेपाल दाना उद्योग सङ्घ र सम्बन्धित सरोकारवालाको सहभागितामा प्रोटिन माथिको अधिकारलाई स्थापित गर्ने उद्देश्यले हाफ म्याराथनलगायत दौड प्रतियोगिता सफलतापूर्वक आयोजना गरेकामा उनले बधाई ज्ञापन गरे।

कृषि विकास बैंकको ५६औं वार्षिकोत्सव

## कृषि क्षेत्रको बैंक बन्नुपर्छ : अर्थमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** कृषि विकास बैंक स्थापनाको ५६औं वर्षमा प्रवेश गरेको छ। कृषि क्षेत्रको विकासलाई मुख्य उद्देश्य राखेर स्थापना भएको यो बैंकले २०६२ सालमा नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंकको रुपमा मान्यता पाएको थियो।

बैंकको ५६औं वार्षिकोत्सवका अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कृषि विकास बैंक कृषि क्षेत्रको मुख्य बैंक बन्न सक्नुपर्ने धारणा राखे। 'पछिल्ला वर्षमा कृषि क्षेत्रमा लगानी घट्दै गएको र अरु व्यावसायिक क्षेत्रमा लगानी बढ्दै गएको छ। यो अवस्थामा क्रमशः सुधार हुँदै जाओस र कृषि विकास बैंकलाई कृषि क्षेत्रको लिड बैंकका रुपमा हामी देख्न पाऔं,' उनले भने।

बैंकको आर्थिक सामर्थ्य र परिस्थिति हेरेर कर्मचारीको सेवा सुविधाको विषयमा बैंक व्यवस्थापनले उपयुक्त निर्णय लिनुपर्ने अर्थमन्त्री पौडेलले स्पष्ट पारे। अहिले सरकार आफैले पनि खर्च कटौती गरेर मितव्ययी बन्न पहल गरिरहेको बेला बैंकले पनि आफ्नो वित्तीय स्वास्थ्यलाई ध्यानमा राख्नुपर्ने पौडेलको भनाइ छ। 'मितव्ययिता, खर्च कटौती, सुविधा कटौतीका निमित्त सिङ्गो राष्ट्रलाई अपिल गर्नुपर्ने ठाउँमा म छु। हामीले कस्तो खर्च गरिरहेका छौं र कति आम्दानी गर्ने सामर्थ्य हाम्रो छ भनेर हेर्न जरुरी छ। मुलुकको आर्थिक स्वास्थ्य राम्रो बनाउने सरकारको अभियानमा सबैको साथ चाहिएको छ। खर्च कटौती र मितव्ययितामा तपाईहरु पनि विशेष ध्यान दिनुहोला,', अर्थमन्त्री पौडेलले भने।

अहिले रिक्त रहेको बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ) मा कस्तो व्यक्ति आउँछ भन्नेकुरा बैंकको भविष्यसँग जोडिएको उनले बताए। 'व्यावसायिक दक्षता भएको व्यक्तिलाई सिईओको जिम्मेवारी दिएर प्रतिस्पर्धी बैंकका रुपमा अघि बढाउनुपर्नेछ। त्यसका लागि सरकारले सबै तरिकाले सहयोग र समन्वय गर्छ', उनले भने। चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिमा सरकारले लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न नसकेको, गत आर्थिक वर्षको यही अवधिसम्ममा सङ्कलन भएको राजस्वभन्दा यसवर्ष कम सङ्कलन भएको र वैदेशिक सहायता पनि लक्ष्यअनुसार प्राप्त हुन नसकेको मन्त्री पौडेलले बताए।




सोही कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले कृषि विकास बैंकलाई कृषि क्षेत्रमा लगानी गर्ने प्रमुख बैंकका रुपमा केन्द्रीत गरिनुपर्ने बताए। 'कृषि क्षेत्र लक्षित लगानी मात्र नभइ यस क्षेत्रमा तालिम दिने संस्थाका रुपमा विकास गर्नुपर्ने देखिएको छ। त्यसका लागि यो बैंकले नेतृत्व लिने र त्यसमा अरु संस्थालाई पनि सहभागी गराउन जरुरी छ,', उनले भने।

कृषि क्षेत्रमा नयाँ तरिकाले लगानी गर्न खोज्नेका लागि नयाँ किसिमले वित्तीय लगानीका बाटो खोल्नुपर्ने उनको भनाइ छ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी एकीकृत ऐन लागू भएपछि २०६२ असारदेखि कृषि विकास बैंक पब्लिक कम्पनीमा रुपान्तरण भएको थियो। नेपाल राष्ट्र बैंकबाट २०६२ चैतदेखि वाणिज्य बैंकका रुपमा इजाजत पाएको यो बैंकमा ५१ प्रतिशत शेयर सरकार र ४९ प्रतिशत शेयर सर्वसाधारणको रहेको छ।

संस्थापक शेयरधनीका रुपमा सरकारको रू छ अर्ब ७२ करोड ५८ लाख र सर्वसाधारण सेयरधनीको रू छ अर्ब ४६ करोड २० लाख बराबर शेयर छ।

कृषि विकास बैंकले हालसम्म एक लाख ६२ हजार ग्राहकमा रू एक खर्ब ७८ अर्ब कर्जा लगानी गरेको जनाएको छ। यस्तै बैंकमा १८ लाख निक्षेपकर्ताको रू एक खर्ब ७० अर्ब निक्षेप छ। बैंकको अधिकृत पुँजी रू २५ अर्ब, जारी पुँजी रू १८ अर्ब ६२ करोड ६ लाख र साधारण चुक्ता पुँजी रू १३ अर्ब १८ करोड बराबर छ। चालु आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा कर्जा तथा सापट करिब रू दुई खर्ब एक करोड र कूल निक्षेप रू एक खर्ब ८६ अर्ब ४८ करोड वृद्धिमार्फत वैधानिक कर्जा-पुँजी-निक्षेप अनुपात ९० प्रतिशतभित्र कायम गर्ने लक्ष्य बैंकले लिएको छ।

त्यस्तै चालु आर्थिक वर्षको छ महिना अवधिमा बैंकको तरलता अनुपात १५ दशमलव २७ प्रतिशत र निष्क्रिय कर्जा एक दशमलव ६८ प्रतिशत रहेको बैंकले जनाएको छ। आर्थिक वर्ष २०७८/७९ का लागि कृषि विकास बैंकले ११ प्रतिशत नगद लाभांश र दुई प्रतिशत बोनस शेयर शेयरधनीलाई दिने निर्णय गरिसकेको छ।

## कृषि व्यवसायमा बदलिएको समाज



**पाल्पा–** समाजमा कुनै समय कृषि पेसालाई हेर्ने नजर राम्रो थिएन। समाजभित्रबाटै यस व्यवसायमा आबद्ध रहने किसान सधैँ उपेक्षित नै हुन्थे। आफ्नै खेतबारीमा तरकारी, फलफूल उत्पादन गरेर बजारमा बिक्री गर्न पुग्यो कि हेला गर्ने र नराम्रो मान्ने भाषा यहीँ समाजकै व्यक्तिबाट सुनिन्थे।

समाजका यस्तै समस्या र अनेकौं उपेच्छित भनाइ सहँदै कृषि व्यवसायमा अब्बल कृषकका रुपमा कहलिएकी छिन्- भगवती देवकोटा। रामपुर नगरपालिका-६ स्थित कौवा बस्ने देवकोटाले आफ्नो खेतबारीमा दुःख गरेर लगाएको तरकारी खेतीबाट दुई चार पैसा कमाइ गर्छुभन्दा पनि समुदायबाटै अपहेलित हुनुपऱ्यो। अहिले भने सोही समुदायले उनको कृषिकर्मको खुलेरै प्रशंसा गरिरहेको सुनिन्छ।

लामो समयसम्म यस व्यवसायमा रहनुभएकी देवकोटाले धेरै अनुभव सङ्गाल्नुभएको हुँदा छिमेकी पनि उनीसँग कृषि प्रविधि र तरकारी खेतीबारे जानकारी लिन पुग्छन्। समाजमा शिक्षा र चेतनाको विकाससँगै विभिन्न निकायबाट कृषकलाई प्रोत्साहनमूलक कार्यक्रम, एफएम रेडियो, टेलिभिजनलगायतका विभिन्न सञ्चार माध्यमबाट जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा सन्देश प्रवाह हुन थालेपछि अहिले यस व्यवसायमा सबैका सामु देवकोटा उदाहरणीय किसान बनेकी छिन्।

'परिवारमा धन कमाउने नहुँदा घरखर्च, छोराछोरीको पढाइ खर्च चलाउन धेरै समस्या भएपछि तरकारी लगाइयो, बेच्न जाँदा समाजमा नानाथरि कुरा गर्ने, रात पर्न थालेपछि लुकेर बजारमा गएर तरकारी बेचेर घर फर्केका क्षण अहिले ताजै छन्', उनले भनिन्। करिब एक दशक अघि उनले फलाएका तरकारी आनन्दले बिक्री गर्ने वातावरण समाजमा थिएन। त्यस समयमा तरकारी बेच्ने किसानलाई समाजले तल्लो दर्जाको रुपमा हेर्ने गरेको उनको अनुभव छ।

आफैँले उत्पादन गरेका तरकारी, दिउँसो टिपेका साँझपखको समय छिमेकीले देख्ने डरले मौका छोपेर लुकेर घरबाट निस्कन्थिन्। छोराछोरीको पढाइ खर्च, घर व्यवहार धान्न कमाइ नहुँदा उनलाई आम्दानीको निम्ति तरकारी लगाउँदा समाजको नकारात्मक भनाइ र व्यवहारले बेला बेलामा पिरोल्थ्यो।

'आफूले उत्पादन गरेका कृषिउपज ढुक्कले बजारमा गएर बिक्री गर्न डराउनुपर्ने थियो', उनले भने, 'अहिले समाजको सोचाइ बदलिएको छ, किसानलाई सम्मानित पेसाका रुपमा लिँदा व्यवसायमा उत्साह बढेर आउँछ, सकुञ्जेलसम्म कृषिमै रमाउने हो।' दैनिक त्यस समय रामपुरको बेझाड बजार चोकको चौतारीमा ४५ मिनेट हिँडेर बोरामा तरकारी बोकेर हस्याङफस्याङसँग पुग्थिन् उनी। तरकारी बेचेको रकमले घरायसी सामग्री किन्थिन्। तरकारी बजारमा बेच्न जाँदा अनेक कुरा गर्नेहरु अचेल तरकारी खेतीको सिको गर्छन र प्रशंसा गर्छन्।

उनले सालिन्दा पाँचसात रोपनीमा समयानुसार विभिन्न जातका तरकारी लगाउँछिन्। घरायसी प्रयोजनका अलावा वार्षिकरुपमा खर्च कटाएर रु दुई लाख तरकारीबाटै आम्दानी गर्दै आइरहेको उहाँका श्रीमान् पूर्णचन्द्र देवकोटाले बताए। श्रीमान् श्रीमती यस व्यवसायमा संलग्न छन्।

तरकारी खेतीको रेखदेखमै दिन बितेको पत्तो हुँदैन। स्थानीय बजारमै तरकारी खपत भइरहेकाले बिक्री गर्ने झण्झट नभएको पूर्णचन्द्रको भनाइ छ। उनको खेतबारीमा काउली, बन्दा, आलु, धनियाँ, मुलालगायतका हरियाली तरकारी छन्। उनीहरुले घरका खाली आँगनसमेत तरकारीले हराभरा बनाएका छन्।

## आत्मनिर्भरको आईपीओ खुला गर्दै

**काठमाडौं (प्रस)–** आत्मनिर्भर लघुवित्तले आइपीओ बिक्री खुला गर्ने भएको छ। सर्वसाधारण र वैदेशिक रोजगारीमा रहेकाका लागि आईपीओ खुला गर्न लागेको हो। कम्पनीले सर्वसाधारणलाई फागुन ११ गतेदेखि र वैदेशिक रोजगारीमा रहेकालाई माघ १६ गतेदेखि निष्कासन गर्न लागेको हो। लघुवित्तले आफ्नो जारी पुँजीको ६ करोड २३ लाख ३८ हजार रुपैयाँको ३२.६२५ प्रतिशतले हुन आउने २ करोड ३ लाख ३८ हजार रुपैयाँ बराबरको आईपीओ जारी गर्न लागेको हो। यसमा फागुन १५ गतेसम्म सर्वसाधारणहरूले आवेदन दिन सकिनेछ भने कम्पनीले सो अवधिमा सबै सेयर बिक्री नभएमा फागुन २५ गतेसम्म आवेदन दिन सक्ने जनाएको छ।

## ३१ सयबाट तीन अर्बको सम्पत्ति

■ प्रभाव संवाददाता

**भक्तपुर–** भक्तपुरकै सवैभन्दा ठूलो सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको सम्पत्ति २ अर्व ६६ करोड ६६ लाखभन्दा बढीको सम्पत्ति निर्माण गर्न सफल भएको जनाएको छ। ३१ जनाको तीन हजार एक सय रकमबाट सुरु भएको संस्थाले हाल १६ हजार एक सय २३ जना सदस्यबाट २ अर्व ६६ करोड ६६ लाखभन्दा बढीको सम्पत्ति निर्माण गर्न सफल भएको जानकारी गराइएको हो।

संस्थाको २९औं स्थापना दिवसको अवसरमा विभिन्न उपसमितिको आयोजनामा भएको सीपमूलक तालिम, खेलकुद प्रतियोगिता तथा अनिवार्य शिक्षा शिविरमा बोल्दै अध्यक्ष रुद्रनारायण लाखाले सहकारी, सहकारीता र संस्थाका अवधारणागत पक्षहरुबारे संस्थागत प्रस्तुति दिए।

सिद्धि गणेश ऐन, कानुन तथा सहकारीका अन्तराष्ट्रिय मान्यता अनुसार सञ्चालन भैरहेको संस्था भएकोले वर्तमान तरलताको समस्याग्रस्त वित्तीय वातावरणमा पनि पूर्णत सुरक्षित रहेको विचार व्यक्त गरे। संस्थाका व्यवस्थापक शिला गोसाईंले संस्थाका सेवा सुविधाबारे संस्थागत प्रस्तुती दिदै अनिवार्य शिक्षा शिविरमा उपस्थित सदस्य मात्रै संस्थाबाट प्रदान गरिने सबैखालका सुविधाका लागि योग्य हुने बताइन्।

सिद्धि गणेश साकोसले सदैव सदस्यको आर्थिक विकासलाई प्राथमिकतामा राखी कार्य गर्दै आइरहेको जानकारी उनले दिइन्।

आयोजक उपसमितिका संयोजक एवं सभापति सञ्चालक विष्णुप्रसाद दुमरुले संस्था सदस्यको स्वार्थ अनुकुल भए नभएको जानकारी दिन र सदस्यहरुलाई सहकारी अभियान सम्बन्धि जानकारी दिने उद्देश्यका साथ स्थापनाकालदेखि शिक्षा शिविर सञ्चालन गर्दै आइरहेको बताए।

तत्कालिन समाजको आर्थिक क्षमता उकास्नका लागि सिद्धि गणेश साकोसको स्थापना गरेको स्मरण गरे। ५५ जना सदस्यको उपस्थिति रहेको शिविरमा आयोजक उपसमितिका सचिव किरण वनमाला, उपसमिति सदस्य रामहरी ताम्राकारले सहकारीको महत्वबारे चर्चा गरे।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण:** एक्सप्रेस कलर प्रेस, **कार्यालय:** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि:** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक:** कृष्णबहादुर कार्की, **सम्पादक:** विष्णु तामाङ